# लेखापरीक्षण प्रतिवेदन

## फतुवा बिजयपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## फतुवा बिजयपुर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/276

मिति : २०८३-१-३०

श्रीमान् प्रमखुज्यू,

फतुवा विजयपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, फतुवा बिजयपुर, रौतहट ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/276

श्री नगर प्रमुखज्यू ,

फतुवा विजयपुर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, विजयपुर, रौतहट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस फतुवा विजयपुर नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष,लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ३३ करोड ०९ लाख ८८ हजारको लेखापरीक्षण गरिएकोमा रू.९ करोड ६४ लाख ६९ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.६० लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ४३ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.९५ लाख ३४ हजार र पेस्की बाँकी रु.६५ लाख बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.७७ करोड २५ लाख र यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.८५ करोड ९० लाख ५६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसााथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले फतुवा विजयपुर नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको

कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत फतुवा विजयपुर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५८ | २२४ | ९,६४,६९,२७१ | ० | ० | ० | ० | ५८ | २२४ | ९,६४,६९,२७१ | ६०,९५,६९२ | ९५,३३,९३४ | ७,४३,३८,८६९ | ० | ० | ८,३८,७२,८०३ | ६५,००,७७५ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | ७६,२५,८६,४९८ | ० | 0 | ७६,२५,८६,४९८ | ० | ९,६४,६९,२७१ | ८५,९०,५५,७६९ |

# फतुवा बिजयपुर नगरपालिका, रौतहट

# ( ८०२२०४१०३०० )

# फतुवा विजयपुर नगरपालिका , रौतहट

# परिचय

१ **परिचय**

**(क) नगरपालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।२०७४ सालमा स्थापना भएको यस फतुवा बिजयपुर नगरपालिकामा ११ वडा रहेका छन भने क्षेत्रफल ६५.२४ वर्ग किलोमिटर तथा ४२२१८ जनसंख्या र घर संख्या ७३५४ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०५।१४ देखि २०८२ ।०५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय – व्ययतर्फ जम्मा रु.१३३०९८७६९५।२६ (एक अर्ब तेत्तिस करोड नौ लाख सतासी हजार) को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

एकीकृत आय व्यय विवरण

आ.व २०८१।०८२

फतुवा बिजयपुर नगरपालिका-रौतहट

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ७३८५६२७१.१३ | | १ | चालु खर्च | ३४६६००५००.७७ | |
| | क) कार्यसंचालन कोष | २५८११३३.१९ | | | १.पालिकातर्फ | १५६९२६११९.५८ | |
| | ख) बैंक अनुसार | ७०३५८६६२.९४ | | | २. संघीय शसर्त | १८९६७४३८१.१९ | ३४६६००५००.७७ |
| | ग) धरौटी बैंक | ९१६४७५. | ७३८५६२७१.१३ | २ | पूँजीगत खर्च | २०२०६२२५७.६२ | |
| २ | संघीय वित्तिय हस्तान्त्रण | ४२५१५९६९३.४९ | | | १.पालिका तर्फ | १६०६१७८७७.१८ | |
| | क) वित्तिय समानीकरण अनुदान | १०३७८०५६० | | | २.संघीय शसर्त | १९४४४३८०.४४ | |
| | ख) शसर्त अनुदान चालू | १९०६४८००० | | | ३.प्रदेश शसर्त | १७०००००० | |
| | ग) शसर्त अनुदान पूँजिगत | ३७०००००० | | | ४.प्रदेश विषेश | ३०००००० | |
| | घ) समपुरक अनुदान | ० | | | ५. प्रदेश समपुरक | २०००००० | २०२०६२२५७.६२ |
| | ङ) विषेश अनुदान | ० | | ३ | अन्तर सरकारी अख्तियारी संघ | १४०३९७०६७.२५ | |
| | घ) राजस्व बाँडफाड | ९३७३११३३.४९ | ४२५१५९६९३.४९ | | क) सामाजिक सुरक्षा | १३९८४३९९०.३४ | |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३५४५४७०६ | | | ख) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ८१५०००० | | | ग) राष्ट्रपति शैक्षिक सुधार | ५५३०७६.९१ | |
| | ख) शसर्त अनुदान पूँजिगत | १७०००००० | | | घ) विद्यालय शिक्षा क्षेत्र योजना | ० | १४०३९७०६७.२५ |
| | ग) विषेश अनुदान | ३०००००० | | ४ | अन्तर सरकारी अख्तियारी प्रदेश | | |
| | घ) प्रदेश समपुरक अनुदान | २०००००० | | | धरौटी फिर्ता तथा सदर स्याहा | ८६३९६० | ८६३९६० |
| | ङ) राजस्व बाँडफाड | ५३०४७०६ | ३५४५४७०६ | ५ | अनुदान फिर्ता | | |
| ४ | अन्तर सरकारी अख्तियारी संघ | १४०३९७०६७.२५ | १४०३९७०६७.२५ | | शसर्त अनुदान चालू | ७८४८९२.७५ | |
| | क) सामाजिक सुरक्षा | १३९८४३९९०.३४ | | | शसर्त अनुदान पूँजिगत | १०५५६१९.५६ | १८४०५११.७५ |
| | ख) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ० | | ६ | अन्तिम मौज्दात | | |
| | ग) राष्ट्रपति शैक्षिक सुधार | ५५३०७६.९१ | | १ | चालू खर्च खातामा बाँकी | १४६८००१.६१ | १९०८३७४१.६१ |
| | घ) विद्यालय शिक्षा क्षेत्र | ० | | २ | पूँजिगत खर्च खातामा | १४९५३२४०.१२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजना | | | | बाँकी | | |
| ५ | अन्य आय | ३६०३२८१६.१६ | | ३ | स्थानीय सञ्चित कोषमा बाँकी | ८१३६५.७८ | |
| | क मालपोतबाट प्राप्त | ३२३३७५२८.४४ | | ४ | विविध खातामा बाँकी | ०.९८ | |
| | ख) आन्तरिक राजस्व प्राप्ति | ३७३६९५२८७.६९ | ३६०३२८१६.१६ | ५ | प्रकोप व्यवस्थापन खातामा बाँकी | २५८११३३.१९ | |
| १० | धरौटी आय | १०६३३०० | १०६३३०० | ६ | धरौटी खातामा बाँकी | १११५८१५ | |
| | जम्मा | ७११९६३८५४ | ७११९६३८५४ | | | ७११९६३८५४ | ७११९६३८५४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण-**

**एकीकृत वित्तीय विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **अनुदान फिर्ता**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा म.ले.प.फा.नं २७० अनुसूचि २ मा समानीकरण बाहेकको (शसर्त, विशेष र समपूर) अनुदान रु.२४९६४८००० आम्दानी भएकोमा रु.२३२९५९२७३.३८ खर्च भई रु.१६६८८७२६.६२ मात्र फिर्ता गर्नुपर्ने देखिन्छ । पालिकाको आर्थिक वर्ष २०८१।०८२ लेखापरीक्षण गर्ने क्रममा नमूना परीक्षण गरीएको देहायको भौचर नं र मितिबाट पालिकाले उक्त आर्थिक वर्षको अन्तिममा फिर्ता गर्नुपर्ने अनुदान रकमको खर्च लेखी विविध खातामा समायोजन गरी फिर्ता गर्नुपर्ने अनुदान घटाएको देखिन्छ ।यसरी फिर्ता गर्नुपर्ने अनुदानको रकम कानूनी व्यवस्था विपरित खर्च समायोजन गर्ने पदाधिकारीलाई जिम्मेवारी बनाउनुपर्दछ।साथै पालिकाले उक्त आर्थिक वर्षमा फिर्ता गर्नुपर्ने वास्तविक अनुदान रकमको सम्बन्धमा एकिन गर्नुपर्ने र नियम कानुनको व्यवस्था विपरित खर्च समायोजन गरेको रकम पालिकाले एकिन गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं | गो.भौ.नं र मिति | रकम | कैफियत |
|---|---|---|---|
| १ | ४०२-२०८१।०३।२५ | ७६३९००० | संघिय सरकारबाट हस्तान्तरित चालु कार्यक्रमका विभिन्न संकेत नम्बरहरुबाट खर्च समायोजन |
| जम्मा | | ७६३९००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,३९,००० |

२.२ **सञ्चित कोषमा स्थानान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु.२,३४,८५,७८३.८७ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।बैंक अनुसार भिडान गरी उल्लेख गर्नुपर्ने देखिन्छ ।

२.३ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.७४२०३५६३.०२ मौज्दात रहेकोमा यो वर्ष रु. ७३८५६२७१।१३ जिम्मेवारी सारेको छ ।पालिकाको जस

अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३४७२९१।८७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४७,२९१.८७ |

२.४ **ससर्त अनुदान फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (मलेपफानं २७५) को अनुसूची १२ मा फिर्ता गर्न बाँकी अनुदान संघीय सशर्त तर्फ रु. १६६८८७२६.६२ देखाएकोमा पालिकाले हालसम्म पनि सो रकम फिर्ता गर्न बाँकी देखिएकोले सो रकम फिर्ता गरी हिसाब फरफारक गर्नुपर्ने रु.

| अनुदानकोबिवरण | कुल प्राप्ति | कुल खर्च रकम | संघमा फिर्ता | बाँकि रकम |
|---|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | १९०६४८०००. | १८९६७४३८१.१९ | ७८४८९२.१९ | १८८७२६.६२ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३७००००००. | १९४४४३८०.४४ | १०५५६१९.५६ | १६५०००००. |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १७००००००. | १७११४५४७.१३ | ० | (११४५४७.१३ |
| १३३१४ विषेश अनुदान चालु | ३००००००. | ३००००००. | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २००००००. | २००००००. | ० | ० |
| जम्मा रकम रु.... | | | | १६६८८७२६.६२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६६,८८,७२६.६२ |

२.५ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकीरु | बैंक अनुसार बाकीरु | फरक | कैफियत |
|---|---|---|---|---|
| ग २.२ - चालू खर्च खाता- जोर वर्ष / ग्लोवल आई एमइ बैंक लि. १४१०४०१००००००१९ | (९३७३६६३.८८ | १४६८००१ | | |
| ग २.४ - पुँजीगत खर्च खाता- जोर वर्ष / ग्लोवल आईएम इ बैंक लि. १४१०४०१००००००२० | २३४८५७८३.८७ | १४९५३२४० | ८५३२५४३.८७ | बैंकमा कम |
| ग २.७ - विविध खर्च खाता / ग्लोवल आई एम इ बैंकलि. १४१०४०१००००००१७ | ३८०९९९.९८ | ० | ३८०९९९.९८ | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / ग्लोवल आई एम इबैंक लि. १४१०४०१०००००००४ | ३५५९३४. | १११५८१५ | ७५९८८१ | बैंकमा बढी |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / ग्लोवल आईएम इ बैंक लि. १४१०४०१०००००००१ | ८४२१०२.४ | ८१३६५ | ७६०७३७.४ | बैंकमा कम |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता /ग्लोवल आई एम इ बैंक लि. १४१०४०१०००००००६ | २५८११३३.१ | २५८११३३.१ | | |
| श्रेष्तामा भन्दा बैंकमा कम देखिएको रकम | | | ९६७४२८१.२५ | |

पूँजीगत खर्च खातामा रु.८५३२५४३ र स्थानीय तह सञ्चित कोष खातामा रु.७६०७३७ र विविध खर्च खातामा रु.३८०९९९ गरी जम्मा रकम रु.९६७४२८१ बैंक स्टेटमेन्ट अनुसार फरक परेको देखिएकोले एकिन गर्नुपर्ने देखिन्छ । साथै, स्थानीय तह धरौटी खाता र चालू खर्च खातामा मौज्दात ऋणात्मक देखियको र श्रेष्ता र बैंकबीच रकम फरक पर्न गएको देखिन्छ ।अत पालिका ऋणात्मक मौज्दात हुनुको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,७४,२८१ |

२.६ **कर दायित्व**- पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा आयकर ऐन २०५८ को दफा ८७ ,८८, ८९ अनुसार कट्टी गरेको कर दायित्व रु.२०७७२०७.९६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,७७,२०९.९६ |

२.७ **फरक हिसाब**- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.७७५५६८.४६, यस वर्षको प्राप्ती रु.१४०३९७०६७.२५ यस वर्षको भुक्तानी रु.१४४१०२८०६.८८ र बैङ्क मौज्दात रु.९७३२७६२.१फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७३०८०७०२.६७ | ४९७७१०५१५.६२ | ५४८७७७३०५.५२ | ९३५०९७९.५१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७३८५६२७१.१३ | ६३८१०७५८२.८७ | ६९२८८०११२.४० | १९०८३७४१.६१ |
| फरक | ७७५५६८.४६ | १४०३९७०६७.२५ | १४४१०२८०६.८८ | ९७३२७६२.१ |

२.८ **वित्तीय विवरणको यथार्थता**- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३९८४३९९०, राष्ट्रपति शैक्षिक सुधार तर्फ रु.५५३०७६ गरी जम्मा रु.१४०३९७०६७ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **लक्ष्य र प्रगती- पालिका**ले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम/योजना | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| **कार्यक्रम संख्या** | ४१६ | ६४ | | १ | ६ | ३४१ |

यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३४१ योजनामात्र कार्यान्वियन भई ६४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।पालिका तर्फ र वडा तर्फ गरी ६४ योजना तथा कार्यक्रमको प्रगती शुन्य रहेको छ।शुन्य प्रगती भएका योजना तथा कार्यक्रमको उदाहरण यस प्रकार छ:

| योजनको नाम | विनियोजन | खर्च |
|---|---|---|
| वडा नं. १० मा फुटबल खेल आयोजना कार्य | १०००००. | ० |
| वडा नं. १० मा विभिन्न धार्मिक टोलिलाइ सामाग्री वितरण कार्य | १०००००. | ० |
| वडा नं. १० मा बालसदन सामुदायिक प्रा वि व्वस्थापन्न कार्य | १०००००. | ० |
| वडा नं. १० मा दलित बस्तिमा कम्बल वितरण | १०००००. | ० |
| वडा नं. १० मा बिच टोलको अधुरो चौतारा निर्माण कार्य | १०००००. | ० |
| वडा नं. १० मा ब्रहमबाबा कम्पाउन्ड पस्तर तथा व्यवस्थापन्न कार्य | १०००००. | ० |
| वडा नं. १० मा विभिन्न खेलकुद सामाग्री वितरण कार्य | १०००००. | ० |
| वडा नं. १० मा शान्तिटवलमा अधुरो चौतारा निर्माण कार्य | १०००००. | ० |
| वडा नं. १० मा हनुमान मन्दिरमा सिढिघाट अधुरो काम सम्पन्न कार्य | १०००००. | ० |
| वडा नं. १० मा बालविवाह जनचेतना मुलक कार्यक्रम | १०००००. | ० |
| वडा नं. १० मा गोरिका मन्दिर व्यवस्थापन्न कार्य | १०००००. | ० |
| वडा नं. १० मा स्वास्थ्य चौकी मर्मत तथा व्यवस्थापन्न | १०००००. | ० |
| आधारभुत स्वास्थ्य केन्द्र हिमालीबासको लागि औजार तथा उपकरण खरिद | १०००००. | ० |
| पुर्णिरांगी स्कुलमा फर्निचर तथा खेलकुद सामग्री | १०००००. | ० |
| गर्जा स्कुलमा फर्निचर खरिद | १०००००. | ० |
| भैसही स्कुल देखि पानी टंकीको बाटो हुदै शहिद बजार सम्म ग्रेभल कार्य | १०००००. | ० |
| वडा नं. ११ मा बुटवामा ग्रेबल | १०००००. | ० |
| वडाको बाटोमा माटो तथा ग्रेभल मर्मत कार्य | १०००००. | ० |
| भट्टी रांगी बाटो ग्रेबल पुल निर्माण | १०००००. | ० |
| हिमालिबास कृषि सडक मर्मत सम्भार | १०००००. | ० |
| रांगीमा सडक ढलान कार्य | १०००००. | ० |
| हिमालिबासमा कृषिका लागि ट्रांसफर्म जडान | १०००००. | ० |
| पैनी सफाई कार्य | १०००००. | ० |
| रांगी गर्जामा खानेपानीको मर्मत तथा व्यवस्थापन कार्य | १०००००. | ० |
| भैसही खानेपानी मर्मत | १०००००. | ० |
| वडा कार्यालय व्यवसथापन कार्य | ९९,०००.०० | ० |
| श्री हिमाली जनता मा. वि.को शिक्षकको तलब अनुदान | ९९,०००.०० | ० |
| गर्जा बजारमा चौतारा निर्माण | ९९,०००.०० | ० |
| रांगी स्कुलमा रंग रोदन कार्य | ९९,०००.०० | ० |
| भैसहीमा चौतारा निर्माण कार्य | ९०,०००.०० | ० |
| | | |

| | | |
|---|---|---|
| अर्ज खैरा टोलमा अधुरो भवन निर्माण | ९०,०००.०० | ० |
| पशु पंक्षी मत्सय फार्म अनुदान | ८०,०००.०० | ० |
| वडा कार्यालयको अधुरो भवन निर्माण | ८०,०००.०० | ० |
| अकोनवाम ब्रहम बाबाको मन्दिर निर्माण | ७५,०००.०० | ० |
| हिमालीबासमा चौतारा निर्माण कार्य | ७५,०००.०० | ० |
| अधुरो प्रतिशालय -शिवसेवा_ भवन निर्माण | ७०,०००.०० | ० |
| सुचना तथा संचार | ७०,०००.०० | ० |
| खोरिया गाउमा भुइया स्थान निर्माण कार्य | ७०,०००.०० | ० |
| अकोनवाको फिल्ड मर्मत तथा खेलकुद व्यवस्थापन्न | ५५,०००.०० | ० |
| भैसही स्कुलमा गेट निर्माण कार्य | ५०,०००.०० | ० |
| पुर्निरांगीमा शिव मन्दिर निर्माण कार्य | ५०,०००.०० | ० |
| गौतम बुध्दको अधुरो गुम्वा भवनमा निर्माण कार्य | ५०,०००.०० | ० |
| गर्जा ब्रह्म बाबा मन्दिरमा कम्पाउण्डवाल | ५०,०००.०० | ० |
| इलाका प्रहरी कार्यालय विजयपुर | ५०,०००.०० | ० |
| वडा नं. १ मा चौतारा निर्माण | ५०,०००.०० | ० |
| महिला हिंसा सम्बन्धी गोष्ठी तालिम | ५०,०००.०० | ० |
| कृषि रोग सम्बन्धी तालिम | ५०,०००.०० | ० |
| खेलकुद सामाग्री खरिद | ५०,०००.०० | ० |
| गाइ भैसी फर्मलाइ अनुदान | ५०,०००.०० | ० |
| स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५०,०००.०० | ० |
| रौतहट जिल्ला फतुवा विजयपुर नगरपालिका वडा नं १० मा वडाको परेको प्राथमिकतामा शहरी पूर्वाधार निर्माण तथा स्तरोन्नती | ५०,०००.०० | ० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत | ५०,०००.०० | ० |
| स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५०,०००.०० | ० |
| स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५०,०००.०० | ० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत | ५०,०००.०० | ० |
| केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत | ५०,०००.०० | ० |
| रामदासी देखि सन्तपुर जाने बाटोमा दलान कार्य फतुवा बिजयपुर नगरपालिका | ५०,०००.०० | ० |
| | | |

| | | |
|---|---|---|
| शितलपुर घाट झो.पु. ,सोनरनिया झो.पु., फतुवाबिजयपुर नगरपालिका | ५०,०००.०० | ० |
| फतुवा विजयपुर नगरपालिका कार्यालय प्रशासनिक भवन निर्माण कार्य | ४५,०००.०० | ० |
| वोटवा गाउमा जाने कल्भर्ट निर्माण कार्य | ४०,०००.०० | ० |
| वोटवा जंगल हुदै नदीमा जाने पैनिमा कल्भर्ट निर्माण कार्य | २५,०००.०० | ० |
| वोटवा जंगल हुदै नदीमा जाने पैनीमा कलभट निर्माण कार्य | २५,०००.०० | ० |
| वडा नं.१ देखि ९ सम्म विधुतिकरण कार्य | २५,०००.०० | ० |
| वडा नं.१ देखि ९ सम्म बोरीङ्ग जडान कार्य | २०,०००.०० | ० |

## ४ **बजेट तथा कार्यक्रम-**

४.१ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०७।०३ गते रु.४९ करोड ४३ लाख ९९ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०७।०७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०७।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले कानुनले तोकेको समयमा बजेट पेश र स्वीकृत गरी कानुनले तोकेको समयभित्र खर्चको अख्तियारी दिनुपर्दछ ।

४.२ **गत विगतको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२५०९७६४०।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्रस | मिति | भौ नं | विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | ०७/०९/२०८१ | ७ | गतबर्षको भुक्तानी हुन् बाकी जनप्रतिनिधि सेवा सुविधा भत्ता तथा अन्य | २४४०५००. |
| २ | ०३/१३/२०८२ | ७२७ | गतवर्षको इन्धन भुक्तानी | ७२००००. |
| ३ | ०७/०९/२०८१ | ५ | गतबर्षकोकरार कर्मचारीहरुको बाकी तलब भत्ता | ५०५३२४५. |
| ४ | ०८/१९/२०८१ | १०२ | गतबर्षकोकरार कर्मचारीहरुको बाकी तलब भत्ता | १०९६७५५. |
| ५ | ०९/०५/२०८१ | १४६ | गतबर्षको भुक्तानी हुन् बाकि प्रधानमन्त्री रोजगार कार्यक्रम पारिश्रमिक | १३९००००. |
| ६ | ०९/०५/२०८१ | १४६ | गतबर्षको भुक्तानी हुन् बाकि प्रधानमन्त्री रोजगार कार्यक्रम पारिश्रमिक | १३९००००. |
| ७ | ०९/०८/२०८१ | १७४ | गतबर्षमा भुक्तानी हुन् बाकि बाल बिबाह न्यनिकरण सम्बन्धि तालिम | २४३१३६. |
| ८ | ०९/०९/२०८१ | १८२ | गतबर्षमा भुक्तानी हुन् बाकि बाल बिबाह न्यनिकरण सम्बन्धि तालिम | २०३४००. |
| ९ | ०९/०९/२०८१ | १८३ | गतबर्षमा भुक्तानी हुन् बाकि बाल बिबाह न्यनिकरण सम्बन्धि तालिम | ४९,४६४.०० |
| १० | १०/३०/२०८१ | २६९ | गतबर्षमा भुक्तानी हुन् बाकि बाल बिबाह न्यनिकरण सम्बन्धि तालिम | ४९,४६४.०० |
| ११ | ०९/०९/२०८१ | १८३ | गतबर्षमा भुक्तानी हुन् बाकि महिला नेतृत्व सम्बन्धि तालिम कार्यक्रम | ९४,६११.०० |
| १२ | १०/३०/२०८१ | २६९ | गतबर्षमा भुक्तानी हुन् बाकि महिला नेतृत्व सम्बन्धि तालिम कार्यक्रम | ९२,६९८.०० |
| १३ | ०९/०८/२०८१ | १७४ | गतबर्षमा भुक्तानी हुन् बाकि घरेलु हिँसा सम्बन्धि तालिम कार्यक्रम | ४९८६००. |
| १४ | ०२/२६/२०८२ | ५७९ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | ८७००९५. |
| १५ | ०२/२६/२०८२ | ५८१ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | ९९४०४९. |
| १६ | ०२/२६/२०८२ | ५८३ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | ९९,७२२.५० |
| १७ | ०३/०३/२०८२ | ६५१ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | ७५,५९७.०० |
| १८ | ०३/१५/२०८२ | ७३५ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | ५०६३०१. |
| १९ | ०९/०१/२०८१ | १३० | गतबर्षको भुक्तानी हुन् बाकी प्रसुती सेवा केन्द्र | ९८१०००. |
| २० | ०८/०५/२०८१ | ८० | गतबर्षको भुक्तानी हुन् बाकि गाडी भाडा | ८४००००. |
| २१ | ०८/१९/२०८१ | १०० | गतबर्षको भुक्तानी हुन् बाकि घर भाडा | २८१५५९४. |
| २२ | ०८/१२/२०८१ | ८३ | गतबर्षको भुक्तानी हुन् बाकि गाडी भाडा | ७५६०००. |
| २३ | ०८/१२/२०८१ | ८५ | गतबर्षको भुक्तानी हुन् बाकि गाडी भाडा | ७५६०००. |
| २४ | ११/२७/२०८१ | ३४१ | गतबर्षको भुक्तानी हुन् बाकि गाडी भाडा | २४००००. |
| २५ | ०८/१२/२०८१ | ८७ | स्थायीकर्मचारीबर्षकोहरुको गत क.स.कोष ना.ला.कोषबिमा भूक्तानी हुन् बाकि | ५०,४००.०० |
| २६ | ०८/१२/२०८१ | ८९ | स्थायीकर्मचारीबर्षकोहरुको गत क.स.कोष ना.ला.कोषबिमा भूक्तानी हुन् बाकि | १४३८४३.४ |
| २७ | ०९/२१/२०८१ | १८९ | स्थायीकर्मचारीबर्षकोहरुको गत क.स.कोष ना.ला.कोषबिमा भूक्तानी हुन् बाकि | १०००००. |
| २८ | ०२/२६/२०८२ | ५७७ | गतवर्षको भुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | २५४६४६५.३७ |
| | | | जम्मा रु. | २५०९७६४०.२७ |

४.३ **क्षेत्रगत बजेट तथा खर्च-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिकविकास | २६४०९०००. | २४५५५१२३.८४ | ९२.९८ |
| ७ | सामाजिकसुरक्षा तथा संरक्षण | ९०६०००. | ९०५३१४. | ९९.९२ |
| ३ | पूर्वाधारविकास | २१३९८३७०९. | १५३३९९९४६.५३ | ७१.६९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ५८४४०००. | ५७८२६१२.७५ | ९८.९५ |
| कुल जम्मा | | ६३२६७२२६८. | ५४८७७७३०५.५२ | ८६.७३ |

४.४ **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ४०९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १२१ | २५ | ३० | २३ |
| २. | वडास्तरीय | २८८ | ६ | ६५ | २१७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कम्जोर हुन सक्ने संभावना ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३८९ योजनामात्र कार्यान्वियन भई २० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

४.५ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | २०२१७६८०५ | ० | ११३००४६५.५ | ३६७७०८२६.४८ | १५४१०५५१२.७७ | ११३७२७८९७.३७ |
| | **प्रतिशत** | १०० | ०% | ६% | १८% | ७६% | ५६% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२०२१७६८०५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.०, दोश्रो त्रैमासिकमा रु.११३००४६५ अर्थात ६ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.३६७७०८२६ अर्थात १८ प्रतिशत र चौथो त्रैमासिकमा रु.१५४१०५५१२ अर्थात ७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.११३७२७८९७ अर्थात ५६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.६ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तिरक आय रु. ३६ लाख ९५ हजार २८७, राजस्व बाँडफाँड रु.१२ करोड २१ लाख ७४ हजार ७८७ र अनुदानबाट रु.३५ करोड ९७ लाख ३८ हजार ४९ समेत रु.४८ करोड ५३ लाख १० हजार ९७५ आम्दानी भएकोमा चालुतर्फ रु.३४ करोड ६६ लाख ५०० र पूँजिगततर्फ रु.२० करोड २१ लाख ७६ हजार ८०४ गरी जम्मा रु.५४ करोड ८७ लाख ७७ हजार ३०४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६३.१५ प्रतिशत र पूँजिगत ३६.८४ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४.७ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१०७८६३०१.४ | ३६९५२८७ | १.१९% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.८ **मध्यमकालिन संरचना-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

**रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष नगरसभाको निर्णयबाट रु.६ करोड ६८ लाख २९ हजार ७१२ रकमान्तर गरेको छ।
उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

५ **संगठन तथा कर्मचारी व्यवस्थापन-**

५.१ **करार सेवा-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन , विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यानवयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम समेत नगरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु.२ करोड ६९ लाख ९९ हजार ९२५ र विगतको आ व को भुक्तानी दिन बाँकी रु.६१ लाख ५० हजार गरी जम्मा रकम रु.३ करोड ३१ लाख ४९ हजार ९२५ खर्च गरेको छ । लेखापरीक्षणको क्रममा करार नियुक्ती सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढी रहने तर आउटपुटल स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थीत बनाउनु पर्दछ ।

५.२ **कर्मचारी व्यवस्था-** पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन ।

५.३ **तलवी प्रतिवेदन-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी पालिका तर्फ रु. ७६ लाख ९९ हजार ९३३ र स्वास्थ्य तर्फ रु. २ करोड ६० लाख ९९ हजार ६७२ शिक्षा तर्फ रु.८ करोड ३७ लाख ६२ हजार ७१८ गरी जम्मा रकम रु. ११ करोड ७५ लाख ६२ हजार ३२३ कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

५.४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा नगरपालिका तर्फ २९ र वडा कार्यालय तर्फ २२ गरी जम्मा ५१ दरबन्दी स्वीकृत भएकोमा नगरपालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ७ जना पदपूर्ति भइ २२ रिक्त दरबन्दी रहेको देखिन्छ । प्राप्त विवरण अनुसार प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् ।

५.५ **डोर हाजिरी-** पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोझनामा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्वेश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको

आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

६ **सम्पत्ति उपयोग र संरक्षण-**

६.१ **जिन्सी व्यवस्थापन-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा सम्पत्ती तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम सभाले जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित जनशक्ती राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका जिन्सी मालसामन फिर्ता, सम्पत्ती खाता, जिन्सी निरीक्षण, जिन्सी सहायक खाता, सम्पत्ती/जिन्सी मालसामानको वार्षिक विवरण, मर्मत आवेदन तथा आदेश फारम, मर्मत सम्पन्न, मर्मत अभिलेख खाता भाडामा दिएको/लिएको सम्पत्ती अभिलेख किताव, सरकारी जग्गाको लगत किताव, सरकारी भवनको लगत किताव, सम्पत्ती मूल्यांकन जस्ता कानूनले अनिवार्य रुपमा अभिलेख राख्नुपर्ने भनि तोकेका जिन्सी अभिलेखका विवरणहरु पाम्स मार्फत तयार नगरेको तथा पालिकाले सहायक जिन्सी खाता नराखेकोले कति सामान कस्को जिम्मामा छन् सो एकिन नहुने हुँदा जिन्सीको यथार्थता सम्बन्धमा विश्वस्त हुन सकिएन। पालिकाले जिन्सी व्यवस्थापन लाई प्रभावकारी बनाउन बमोजिम जिन्सीको निरीक्षण गरी सो को प्रतिवेदन समेत गरेको पाईएन ।

६.२ **जिन्सी निरीक्षण-** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS) प्रविष्ट गर्न परिपत्र गरेको छ । तर पालिकाले जिन्सीको पूर्ण रुपमा दाखिला सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गरेको छैन । नियमानुसार गत विगत देखिकै जिन्सी अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन हुनुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली-**

७.१ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।

**यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-**

पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित राखेको पाइएन,
- बिलहरु भुक्तानी दिनुभन्दा अघि भएको खर्चको विवरण र सो को प्रयोजन सम्बन्धी कागजातहरु संलग्न गरी भुक्तानी गरेको पाइएन,
- पालिकाले पाम्सलाई लागू नगरी म्यानूअल नै जिन्सी दाखिला गरेको पाईयो,
- सवारी मर्मत सम्हार अभिलेख राखेको पाइएन,

- पालिकामा रहेका जिन्सी मौज्दातको जिन्सी अभिलेख किताब राखेको पाइएन,
- नगर प्रमुखले नै ईन्धन खर्चको स्वीकृत गर्ने गरेको पाइयो,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको पाइएन,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने गरेको पाइएन,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको पाइयो ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१० करोड ११ लाख ५६ हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३९ लाख २५ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत छैन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन,

- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.२ **आन्तरिक लेखापरीक्षण**- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७.३ **आन्तरिक लेखापरीक्षण शाखा**- प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

८ **कानून निर्माण एवं कार्यान्वयन-**

८.१ **राजश्व परामर्श समिति**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ।राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटवजार पसल सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल विरौटी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा पालिका वाट यस बर्ष भुमिकर मात्र आय समाबेस गरेको छ ।अन्य क्षेत्रको आय, ढुङ्गा गिट्टी बालुवा ठेक्कापट्टा ,घर शटर बहाल, अन्य सार्वजनिक स्थान हरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक अयमा वृद्धी गर्न सकेको देखिएन।अतः नियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धी गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ। उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गरी संघिय निर्भरता कम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८.२ **न्यायीक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले यस वर्ष न्यायीक समिति सम्बन्धि कुनै कार्य नभएको विवरण पेश भएको छ । न्यायिक समितिमा

के कति मुद्धा टुङ्गो लागे सोको अभिलेख नराख्ने र विवरण पेश नहुनु उचित होईन, कानूनले दिएको अधिकार र जिम्मेवारीलाई कार्यान्यवन गरी न्ययिक कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

८.३ **कानून कार्यान्वयन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले यस वर्ष कानुन निर्माण कानून निर्माण गरी लागू गरेको सम्बन्धमा विवरण पेश नभएकोले कानुनहरुको अभिलेख नराख्ने तथा सोको विवरण उपलब्ध नगराउनेलाई जिम्मेवार बनाउनु पर्दछ ।

९ **चालु आ.व.को पेस्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की मध्ये आ.व.२०८१।८२ को म्याद समाप्त भएको फस्र्यौट गर्न बाँकी देखिएको रु.

| आव : २०८१/८२ महिना : सबै | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रसं | पेश्की लिएको मिति | गो भौ न | पेश्कीकोविवरण | पेश्कीलिने व्यक्ती फर्म वा कम्पनीको नाम | चालुआ व | | |
| | | | | | म्याद ननाघेको | | म्याद नाघेको |
| | | | | | रकम | फछ्र्यौटकोअन्तिम म्याद | |
| १ | कर्मचारी | | | | | | |
| २३ | २०८१/१२/३१ | ४२१ | विविध खर्च कार्यालय | मोहमद फिरोज आलम | ० | २०८२/०२/०४ | ४०००००. |
| २४ | २०८२/०२/०८ | २४३ | प्रेमलाल यादव को खेत देखि बिर्जा राम को खेत सम्म तथा मन्दिर देखिपोखरी सम्म मतोपुरी ग्रेवेल तथा ढलान कार्य कल्भर्ट निर्माण | गणेश राय यादव | ० | २०८२/०३/१२ | १८५०००. |
| २८ | २०८२/०३/२५ | ७३५ | डिजिटल स्वास्थ्य प्रणालीको लागि ल्यापटोप् तथा प्रिन्टर खरिद /सीसी क्यामरा खरिद तथा जडान | बिरेन्द्र ठाकुर लोहार | | २०८२/०४/२८ | १६५९६४. |
| २९ | २०८२/०३/२५ | ७३५ | नगरभरिमा सडक स्तर उन्नति | बिरेन्द्र ठाकुर लोहार | | २०८२/०४/२८ | ३४०३६. |
| जम्मा | | | | | | | ७८५०००. |
| २ | संस्थागत | | | | | | |
| ५ | २०८१/०८/०४ | ६९ | परिक्षा ब्यबस्थापन पुस्तकतथा सामग्री खर्च | परीक्षा समिति फतुवा विजयपुर नगरपालिका | ० | २०८१/०९/०९ | ३०५०००. |
| ६ | २०८१/१०/२९ | ५७ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षाकार्यक्रम (परम्परागत विद्यालयवैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | श्री जगचम्पा सामुदायीक सिकाई केन्द्र | ० | २०८१/१२/०५ | १२००००. |
| ७ | २०८१/११/०५ | २७७ | मा सरस्वती प्रा बि विजयपुर लाइ बिद्यालय ब्यबस्थापन अनुदान | श्री माँ सरस्वती प्रा वि फतुवा विजयपुर | ० | २०८१/१२/११ | २७००००. |
| ८ | २०८१/११/०५ | २७८ | प्रा बि सन्तपुर दो ५ लाइ बिद्यालय संचालन ब्यबस्थापन अनुदान | श्री प्राथमिक विधालय सन्तपुर दो | ० | २०८१/१२/११ | ९००००. |
| ९ | २०८१/११/२२ | ३११ | जनचेतना मुलक /शिपमुलक कार्यक्रम संचालन | सानु एडभरटाइजिग एजेन्सी | ० | २०८१/१२/२८ | ३७३८७५. |
| १० | २०८१/११/२२ | ३१२ | जनचेतना मुलक /शिपमुलक कार्यक्रम संचालन | स्थानीय विकाश केन्द्र | ० | २०८१/१२/२८ | ३७२९००. |
| ११ | २०८२/०२/०२ | १४५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइसमाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | श्री माँ सरस्वती प्रा वि फतुवा विजयपुर | ० | २०८२/०३/०६ | ९७०००. |
| १२ | २०८२/०२/०२ | १४६ | तोकिएका विद्यार्थीको दिवाखाजाका लागि विद्यालयलाई अनुदान | श्री हिमालि जनता माध्यमिक विधालय हिमालिबास | ० | २०८२/०३/०६ | ३८००००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | २०८२/०२/१२ | ५३२ | प्रा बि सन्तपुर दो ५ लाइ बिद्यालय संचालन ब्यबस्थापन अनुदान | श्री प्राथमिक विधालय सन्तपुर दो | ० | २०८२/०३/१६ | १०९०००. |
| १४ | २०८२/०२/१३ | १६९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहनअनुदान | श्री माँ सरस्वती प्रा वि फतुवा विजयपुर | ० | २०८२/०३/१७ | ६५००००. |
| १५ | २०८२/०२/१३ | ५३६ | इन्धन (कार्यालय प्रयोजन) | जय भोले आयल सेन्टर विजयपुर | ० | २०८२/०३/१७ | ३०००००. |
| १६ | २०८२/०२/२७ | ३२५ | टावर लाइट जडान सन्तपुर कब्रुस्तानमा | रिन्युएवल ईनर्जि प्रमोसन कम्पनी प्रालि | ० | २०८२/०३/३१ | ३०००००. |
| १७ | २०८२/०३/०८ | ६८४ | विविध खर्च कार्यालय | बज्जिका विकाश केन्द्र नेपाल | ० | २०८२/०४/११ | ३४८०००. |
| जम्मा | | | | | | | ३७१५७७५. |
| ३ | उपभोक्ता समिति | | | | | | |
| १ | २०८२/०२/२२ | २ | अन्य सार्वजनिक निर्माण | सन्तपुर स्वास्थ्य चौकीको भवन निर्माण कार्य उस | ० | २०८२/०३/२६ | ९०००००. |
| जम्मा | | | | | ० | | ९०००००. |
| ४ | व्यक्तिगत | | | | | | |
| ५ | २०८१/११/०८ | २८९ | नगर स्तरीय क्रिकेट टुर्नामेन्ट | सुबोध प्रसाद यादव | ० | २०८१/१२/१४ | ४०००००. |
| ६ | २०८१/११/२९ | ३४४ | अतिथि सत्कार | राम बिश्वाश कुमार राम | ० | २०८२/०१/०४ | १०००००. |
| ७ | २०८१/१२/१७ | ३८२ | जनप्रतिनिधि सेवा सुविधा भत्ता तथा अन्य सुबिधा | महमद शेष जमसेद आलम | ० | २०८२/०१/२१ | ४४१२३. |
| ८ | २०८१/१२/१७ | ३८२ | अतिथि सत्कार | महमद शेष जमसेद आलम | ० | २०८२/०१/२१ | ४५५८७७. |
| ९ | २०८२/०३/२५ | ८१२ | महिला हिंसा सम्बन्धी तालिम कार्यक्रम उ | बलिराम साह | | २०८२/०४/२८ | १०००००. |
| जम्मा | | | | | | | ११०००००. |
| कुल जम्मा | | | | | | | ६५००७७५. |

| | |
|---|---|
| पेश्की | ६५,००,७७५ |

१० **वडा कार्यालय संचालन खर्च-**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. 38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मवार

व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । निर्धारित बजेट सिलिङ्ग भित्र, वडा समितिको निर्णय अनुसार गरिने खर्च, बाल विवाह न्यूनिकरण, पीछडीएको दाइजो प्रथा न्यूनिकरण, विभिन्न पर्व जात्रा ब्यवस्थापन खर्च, खेलकुद प्रतियोगिता आयोजना तथा जनचेतनामूलक कार्यक्रम लगायतका शिर्षकमा रकम पालिकाको योजना अनुसार विनियोजन गरी खर्च गर्ने गरेको पाइयो। यो वर्ष १ देखि ११ वडामा वडा संचालन खर्च गरी रु.२९ लाख ३५ हजार खर्च गरेको छ । सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भूक्तानी लिएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

११ **ईन्धन खर्च विश्लेषण-**

प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकार द्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐन को दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नर्म्स अनुसार रु. लाख हजार सय खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु.३४ लाख ९९ हजार ९९९ र पदाधिकारी ईन्धनमा रु. ९ लाख ९९ हजार ४५९ गरी जम्मा रकम रु.४४ लाख ९९ हजार ९९९ खर्च लेखेको छ ।२०८१ श्रावण देखी २०८२ अषाढ सम्म नेपाल आयल निगमबाट प्रकाशित मूल्य सूचिलाई आधार लिई औषत दरको आधारमा विष्लेशण गर्दा पालिकामा १४ लाख २३ हजार ३८० खर्च हुनुपर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा पालिकाबाट संचालित उपकरणहरु जस्तै, डोजर,लोडर,एम्बुलेन्स लगाएतका सवारी साधनमा समेत खर्च भएको भनि पालिकाको भनाई रहेतापनि पालिकालाई कानुनले तोकेको नर्म्स भन्दा रु.३०७६६१९/- बढी खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा पालिकाले इन्धनको खर्च पुष्टि हुने अभिलेख राखी मितव्ययी तरवबाट इन्धन खर्च हुनुपर्छ ।

| | | | | |
|---|---|---|---|---|
| कार्यालयप्रयोजन | डिजेल१०० लि<br>पेट्रोल ७५ लि | २१०० | १५७ | ३२९७०० |
| नगरप्रमुख ले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| नगरउप प्रमूखले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| वडाअध्क्षले पाउने | ३० लि | ३२४० | १५७ | ५०८६८० |
| मोविलतथा अन्य् प्मुख उपप्रमू | प्रति ४महिनामा १० लि | ६० | | ६०००० |
| मोविलतथा अन्य् वडा अध्यक्ष | प्रति ४महिनामा २ लि | ५४ | | ५४००० |
| जम्माहुनुपर्ने रकम | | | | १४२३३८० |
| सुत्र अनुसारको खर्च | | | | ४४९९९९९ |
| मापदण्ड भन्दा बढी | | | | ३०७६६१९ |

१२ **पदाधिकारी सुविधा-**

मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्गा गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षको राजश्व बाँडफाड संघीय सरकारको स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.१ करोड ४० लाख विनियोजन गरेकोमा यो आर्थिक वर्षमा रु. १ करोड ३९ लाख ९० र गत आर्थिक वर्षको भुक्तानी बाँकी भनी रु.२४ लाख ४० हजार

गरी जम्मा रकम रु. १ करोड ६४ लाख ४० हजार खर्च गरेको छ । पालिकाले आन्तरिक आम्दानी यो आर्थिक वर्षमा रु.३६ लाख ९५ हजार गरेको छ ।उक्त कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

१३ **बिज्ञापन बोर्ड-**

विज्ञापन (नियमन गर्ने) नियमावली २०७७(पहिलो संशोधन समेत) को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन।पालिकाले बिभिन्न सूचना तथा विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरेको मध्ये नमूनाछनौटको रुपमा परीक्षण गर्दा देहाय अनुसारको रकम भुक्तानी गरेकोमा उक्त नियमानुसारको ३ प्रतिशतले हुने रकम कट्टा गरेको देखिएन । ऐन तथा नियमावली अनुसार ३ प्रतिशतले हुने रकम कट्टा गरी बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने देखिएको ।केहि उदाहरण निम्नानुसार रहेका छन्

| भौनं/मिति | भुक्तानीपाउने | स्था.लेनं | भुक्तानीरकम |
|---|---|---|---|
| ३२।०८१।०७।१३ | मधेश मसलाडट कम | ३०४५१९५६९ | ४४२४८ |
| ६।०८१।०७।०९ | निश्पक्षमिडिया | ६१०४४९३८५ | ६०००० |
| ५१।०८१।०७।२० | रामतीमिडिया | ६१३८२३९२२ | ४९१५५ |
| ४४।०८१।०७।१४ | पालिकाएडभरटाईजिङ | ६१९७३३६४७ | ५५७५० |
| ७८।०८१।०८।०४ | यति चार्टसचपुर साप्ताहिक | ३०१७५५२४१ | ४९५०० |
| ७६।०८१।०८।०४ | पालिकावाणि मिडिया | ६१०१६७६८५ | १५००० |
| १४९।०८१।०९।०५ | मध्य तराईमिडिया | ६०९७०१०३८ | ३३९०० |
| १४४।०८१।०९।०५ | मधेश मसलाडट कम | ३०४५१९५६९ | १५८२०० |
| १६३।०८१।०९।०७ | रौतहटमिडिया | ३०४८४४९२२ | २०३४०० |
| २२०।०८१।१०।०७ | जयाराममिडिया | ६०६८३०२१८ | १००००० |
| २१९।०८१।१०।०७ | मध्यान्नदैनिक | ३०४९५७३७४ | १४८३१२ |
| ३०८।०८१।११।२२ | रौतहटएडभरटाईजिङ | ६०९९१३८८२ | ७५२६३ |
| २९३।०८१।११।११ | रौतहटएडभरटाईजिङ | ६०९९१३८८२ | ५६८६५ |
| | त्रैलोककृपा मीडिया | ६०९९१३८८२ | ५६८६५ |
| ३९०।०८१।१२।२६ | पालिकाएडभरटाईजिङ | ६१९७३३६४७ | २०३४०० |
| ४०२।०८१।१२।२७ | जानकी टुडेमिडिया | ६०९८२९२७९ | ९८००० |
| | बलभद्रमिडिया प्रा लि | ६१४६१५०८३ | ९८००० |
| ५२४।०८२।०२।०७ | त्रैलोककृपा मीडिया | ६०९६८७२६२ | २०३४०० |

१४ **व्यक्तिलाई भुक्तानी-**

अर्थ मन्त्रालयले जारी गरेको बजेट कार्यान्वियन मार्गदर्शन अनुसार सरकारी रकम भुक्तानी लेख्दा बैंक खाता मार्फत मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न कार्यक्रमको लागि भुक्तानी दिदा, विभिन्न सम्मान कार्यक्रम लगायतमा समाग्री खरिद गर्दा व्यक्तिले भुक्तानी लिई खर्च लेख्दा सम्बन्धित ब्यक्तिले बुझिलिएको भरपाई गराएर रु.१०७००६८ सांस्कृतिक कार्यक्रममा नाचगान प्रस्तुत गरेको, खानाखाजामा खर्च भएको जस्ता विवरणहरुमा खर्च लेखेको देखिन्छ। भरपाई मार्फत बजेट खर्च गर्दा पारदर्शिता नहुने तथा रकम दुरुपयोग हुन सक्ने सम्भावना भएकाले बजेट कार्यान्वियन मार्गदर्शनले तोकेअनुसार सम्बन्धितको बैंक खाता मार्फत मात्र सरकारी रकम भुक्तानी गर्ने ब्यवस्था हुनु पर्दछ।

यस दफा सँग सम्न्धित केही उदाहरणहरु

| भौनं/मिति | भुक्तानी रकम | भुकत्तानीपाउने | विजकजारी गर्ने | खर्चकोप्रयोजन |
|---|---|---|---|---|
| ३०।०८१।०७।१३ | १९६०० | जय किशोरचौधरी | नारायणी स्पोर्टस | खेलकुदासामाग्री खरिद गरी भुक्तानी गरेको । |
| १७७।०८१।०८।२६ | ५६५२० | उपेन्द्रप्रसाद साह कानु | विशाल होटल | खाजा खानाचिया |
| १४१।०८१।०९।०५ | ८४१२५ | उपेन्द्रप्रसाद साह कानु | अर्जुन मोटरसाईकल | खाना खाजाईन्धन सवारी मर्मत |
| १२६।०८१।०९।०१ | ७४५०५ | तारावतीचौधरी | विशाल होटल | खाजा खानाचिया |
| १२६।०८१।०९।०१ | ७४५०५ | तारावतीचौधरी | विशाल होटल | खाजा खानाचिया |
| १७७।०८१।०९।०८ | ३००००० | मो. शेख जमसैद आलम | कृष्णा स्वीट मिष्ठान्न भण्डार | कार्यवाहक नगर प्रमुख ज्यूको सचिवालयमा भएको खाजा खर्च |
| २२९।०८१।१०।१३ | ७३०१३ | विरेन्द्रप्रसाद यादव | राजु होटल | खाजा खानाचिया |
| २६३।०८१।१०।१३ | २६९८०० | बिल्टु राययादव | कृष्णा स्वीट मिष्ठान्न भण्डार | खाजा खानाचिया |
| ५७२।०८२।०२।२२ | १००००० | कल्पनाखतिवडा | रामचन्द्र आयल स्टोर | ईन्धन |
| ६३४।०८२।०३।०३ | १८००० | अनिल कुमारसाह | श्री कृष्ण मिष्ठान्न भण्डार | चिया खर्च |

१५ **बेदर्तावाल फर्मलाई भुक्तानी-**

मुल्यअभिवृद्धि कर ऐन २०५२,को दफा १५ मा मुल्यअभिवृद्धि करमा दर्ता नभएको कुनै ब्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन नपाउने र उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी जरिवाना समेत असुल उपर गरिने ब्यवस्था छ । पालिकाले देहायका फर्मलाई भुक्तानी गर्दा मूल्यअभिवृद्धि करमा दर्ता नभएको फर्मलाई भुक्तानी गरेको देखिएकोले दर्ता नभएका फर्मलाई भुक्तानी गरेको मूल्यअभिवृद्धि कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ नं | भुक्तानीपाउने | भुक्तानीरकम | भुक्तानीभएको मू अ कर | असूलगर्नुपर्ने |
|---|---|---|---|---|
| १७६।०८१।०९।०८ | होटल राज | २९९४५० | ३४४५० | ३४४५० |
| ३५७।०८१।१२।१३ | होटल राज | १२७१२५ | १४६२५ | १४६२५ |
| २०३।०८२।०२।०७ | श्रीलक्ष्मी ट्रेडर्स | ६८०९५ | ७८३४ | ७८३४ |
| | | | | |
| ८०६।०८२।०३।२५ | महमदसप्लायर्स | ६७८०४० | ७९०४० | ७९०४० |
| आर्थिक ऐनको २०८१ को अनुसूची १ मा अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने उपकरणहरुकामूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था छ । पालिकाले अपाङ्ग भएका व्याक्तिहरुको लागि वितरण गर्नेप्रयोजनको लागि महमद सप्लायर्सबाट लागि ह्वीलचियर,ट्राईसाईकल, वाकर, बैशाखी,छडी खरिद गरी भुक्तानीदिएको छ । आर्थिक ऐनले मूल्य अभिवृद्धिकर छुट अवस्थामा पालिकाले खरिद गर्दामू अ कर वापत भुक्तानी गरेको देखिएकोले पालिकालाई थप आर्थिक व्ययभार परेको देखिन्छ ।आर्थिक ऐन २०८१ को व्यवस्था विपरित भुक्तानी भएको मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु. | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,९४९ |

१६ **फोटोकपि बिलबाट भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट रकम रु.४११५६० खर्च लेख्दा फोटोकपि बिजक पेश भएकोमा समेत भुक्तानी भएको देखिएकोले नियमानुसारको सक्कल बिजक पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं./मिति** | **भूक्तानी पाउने** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ९१।०८१।०८।१६ | सजिलोनेट प्रा लि | ईन्टरनेट | **६३१५०** | भौचरसाथ सक्कल बिजक पेश नभएको । |
| १२८।०८१।०९।०१ | नेपालविद्युत प्राधिकरण | विद्युत | १३०५८ | भौचरसाथ सक्कल बिजक पेश नभएको । |
| १७५।०८१।०९।०८ | रविट्रेडर्स | ह्याण्डपाईपको सामान | १३८०० | श्रेष्तासँग फोटोकपि बिल संलग्न रहेको । |
| ३५७।०८१।१२।१३ | होटलराज | खानाखाजा | १२७१२५ | भौचर साथ फोटोकपि बिजक पेश भएको । |
| ४२६।०८२।०१।०४ | बिन्दबासिनीमाई मिडिया | सूचना | ६३३१० | भौचर साथ फोटोकपि बिजक पेश भएको । |
| ५९८।०८२।०२।२९ | जलेन्द्रप्रसाद चौधरी | ईन्टरनेट | १८००० | भौचरसाथ सक्कल बिजक पेश नभएको । |
| ७८८।०८२।०३।२४ | हंसराजकुमार यादव | CCTV मर्मत | १३७९० | फोटोकपिबिल पेश भएको |
| ७८१।०८२।०३।२४ | मोहमदफिरोज आलम | टेन्डरकोलागि खाजा खाना | ९९३२७ | फोटोकपिबिल पेश भएको |
| जम्मा | | | ४११५६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,११,५६० |

१७ **प्रमाण बेगर भुक्तानी-**

पालिकाले देहायका व्यक्तिहरुलाई घरभाडा वापत रकम भुक्तानी गर्दा खर्च लेख्दा खर्च पुष्टि हुने बिल,भरपाई, तथा खर्च भएको प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखिएकोले नियमानुसार घरभाडा भुक्तानी वापतको खर्च रकम पुष्टि हुने प्रमाण तथा कागजातहरु पेश गर्नुपर्ने देखिएको रु.

| भुक्तानी पाउने | भुक्तानी रकम | विवरण |
|---|---|---|
| शम्भु प्रसाद साह | ३५६५१० | २०८१श्रावण १ देखी २०८१ माघ मसान्त सम्म |
| पदमबहादुर घिसिङ | ६५४५० | |
| भुपेन्द्रराज मैनाली | २५७९५ | |
| पुनमकुमारी चौधरी | ४२००० | |
| रामविश्वास राय यादव | ४२००० | |
| लक्ष्मीनारायणराय यादव | ४२००० | |
| हरिनारायण प्रसाद यादव | ४२००० | |
| रन्जुदेवी साह | ९२४०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६६,१५५ |

१८ **घरभाडा सम्बन्धमा-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका व्यक्तिहरु सँग पालिकालाई आवश्यक पर्ने घरभाडा वापतको रकम खर्च लेख्दा खर्च पुष्टि हुने बिल, भरपाई, तथा खर्च भएको प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखिन्छ। यस सम्बन्धि देखिएका केही वेहोराहरु देहायबमोजिम छन्

- ममता पौडेल सँग पालिकाले मिति २०७९।०९।१५ देखि २०८०।०३।३१ सम्मको घरबहाल सम्झौतालाई म्याद थप गरी प्रति महिना रकम रु.१५००० का दरले भुक्तानी गर्ने सम्झौता भएकोमा प्रति महिना रु. ३०००० का दरले भुक्तानी गरेको छ । पालिकाले म्याद थप नै नगरी २०८१ श्रावण देखी २०८१ माघ सम्मको घरभाडा वापत रकम रु.२१०००० भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम रु.१०५००० श्री ममता पौडेलबाट असूल गर्नुपर्ने ।
- रमाकान्त साह कलवार सँग मिति २०८० ।०८।२० मा भएको सम्झौता अनुसार मासिक ३३००० घरभाडा भुक्तानी गर्ने गरी सम्झौता भएकोमा पालिकाले कानून बमोजिम म्याद थप गरेको छैन । म्याद थप नगरी २०८१ श्रावण १ देखी २०८१ माघ सम्मको रकम रु २३१००० भुक्तानी गर्नुपर्नेमा रु.२४१८४९ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु.१०८४९ श्री रमाकान्त साह कलवार सँग असूल गर्नुपर्ने ।
- शिव पूजन साह सँग मिति २०७७।१०।०६ मा गरेको घर बहाल सम्झौता अनुसार प्रति महिना रकम रु. १४५०० का दरले २०८१ श्रावण १ देखी २०८१ माघ सम्म को जम्मा रकम रु.१०१५०० भुक्तानी गर्नुपर्नेमा रकम रु.१११६५० भुक्तानी गरेको देखीएकोले बढी भुक्तानी भएको रकम रु.१०१५० श्री शिव पूजन साह सँग असूल गर्नुपर्ने ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,९९९ |

१९ **वितरण भरपाई नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्मबाट विभिन्न सामान खरिद गरी वितरण गरेको भनी खर्च लेखेको छ । श्रेष्तासाथ खरिद गरि वितरण गरेको भरपाई संलग्न भएको नदेखिएकोले नियमानुसारको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौ नं/मिति | भुक्तानीपाउने | विवरण | दर | परिमाण | रकम रु |
|---|---|---|---|---|---|
| ५२८।०८२।०२।०७ | निहारिका सप्लायर्स | झोला | २७६८।५ | ३९७७।७० | ९९४४० |
| ५८५।०८२।०२।२६ | जय विक्रन्ता सुपर कलेक्सन | खेलकुद सामाग्री | विभिन्न | विभिन्न | ८६५५८ |
| २७२।०८२।०३।२४ | शारधा ट्रेडिङ कन्सर्न | रेनकोट | ३१६४ | २५ | ७९१०० |
| ६४९।०८२।०३।०३ | केशरी एण्ड सन्स | एम्लिफायर | ३५६५१।५० | २ | ७१३०३ |
| | | हर्न बाजा | २२०३।५ | ४ | ८८१४ |
| | | हर्न युनिट | ३८९८।५ | २ | ७७९७ |
| | | माईक स्ट्याण्ड र माईक | २५०० | २९९४ | ११९७८ |
| ६४०।०८२।०३।०३ | केशरी एण्डसन्स | खेलकुद सामाग्री | विभिन्न | विभिन्न | ९९७४५ |
| जम्मा रकम रु.. | | | | | ४६४७३५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६४,७३५ |

## २० विविध खर्च-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याइ हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षको विविध खर्च वापत रु.४१ लाख ९९ हजार र यो वर्ष विविध खर्च वापत रु.९८ लाख ९९ हजार गरी जम्मा रकम रु.१ करोड ४० लाख ९९ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना, चिया खाजामा खर्च गरेको रकमको विल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै मेशिनरी औजार मार्मत सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताकालागि आर्थिक सहयोग, पत्र पत्रिकालाई भुक्तानी, कृषक अनुदान लगायतका भुक्तानी दिइएको छ।यो बर्ष पालिकाको आन्तरिक आय रु.३६ लाख ९५ हजार रहेको देखिन्छ । पालिकाले विविध खर्च गर्दा स्पष्ट मापडण्ड र कार्यविधि वेगर खर्च गरेको देखिएकोले यस प्रकारका खर्च गर्दा मितव्ययीपूर्ण हुनुपर्दछ ।

| ८०२२०४१०१०१फतुवा बिजयपुर नगरपालिका आ.व. : २०८१/८२ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **खर्चशीर्षक** | **विनियोजन** | **खर्च** |
| १ | गत वर्षकोभुक्तानी दिन वाकी विविध कार्यक्रम खर्च | २२५२९ | ३५०००००. | ३४९९९९९.१३ |
| २ | गत वर्षकोभुक्तानी बिबिध कार्यको भुक्तानी बाँकी | २२७११ | ७०००००. | ६९९९९९.४ |
| जम्मारकम रु. | | | | ४१९९९९८.५३ |
| १ | विविध खर्चकार्यालय | २२७११ | २९०००००. | २८९९९९९.५ |
| २ | विविध खर्च | २२७११ | ७००००००. | ६९९९९९९.२६ |
| जम्मारकम रु. | | | | ९८९९९९८.७६ |
| कुल जम्मा रकम रु. | | | | १४०९९९९७।२९ |

## २१ भ्रमण अभिलेख एवं प्रतिबेदन-

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.17 लाख 67 खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन नराखेको तथा भ्रमणको उदेश्य, कामको प्रयोजन तथा स्वीकृति दिने अधिकारीको स्वीकृति बेगर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएकोले भ्रमण खर्चमा नियम कानुनको पालना भएको छैन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र खर्च लेख्ने, स्वीकृत नगरी भ्रमणमा नखटाउने तथा खर्चलाई पुष्टि गर्ने कागजात, भ्रमण बिलमा स्वीकृत गरी भ्रमण खर्च लेख्नु पर्दछ ।

२२ **सामुदायिक विद्यालयको गुणस्तर-**

शिक्षा कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ अनुसार सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सो को कार्यान्वयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०८१।०८२ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको देखिएन। पालिकाले आफनो अन्तर्गतका विद्यालयहरुको गुणस्तर सुधार गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

२३ **बढी निकासा-**

शिक्षा कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ क्रियाकलाप नं. १.१.४.१ प्रारम्भिक बालबिकास सहजकर्ताको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्थापन अनुदान अन्तर्गत प्रत्येक सामुदायिक विधालयमा १ जना विधालय सहयोगरीका लागि मासिक रु. ८०००। का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्चका लागि अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले कार्यालय सहयोगीको पारिश्रमिक निकासा गर्दा कार्यविधिको व्यवस्था विपरित देहायका विद्यालयहरुमा बालविकास सहजकर्ताहरुलाई मासिक रु.९५०० का दरले पारिश्रमिक चाडपर्व का लागि निकासा दिएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | विधालयको नाम | कार्यालय सहयोगी | पाउनु पर्ने रकम | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | श्री आधारभुत विधालय लक्ष्मीनिया दो. खैरा | विल्टुराय यादव | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| २ | श्री मा.वि. बैरगनिया | नन्दलाल प्रसाद यादव | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ३ | श्री मा.वि. दुधिअवा | अनुठा चौधरी | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ४ | श्री हिमाली जनता मा.वि. हिमालीवास | रामदेव चौधरी | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ५ | श्री मा.वि. विजयपुर | गुरु प्रसाद चौधरी | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ६ | श्री यमुना कौशल्या स्मृति आ.वि. मेवा | संजित कुमार साह | ८०००×१३=१०४००० | ९५००×३=२८५००<br>८०००×१०=८०००० | ४५०० |
| ७ | श्री मा.वि. टेग्राहा | जियालाल राय यादव | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ८ | श्री मा.वि. सितलपुर | मुकेश मुखिया | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ९ | श्री मा.वि. पेटभर्वा | शिवनाथ राय यादव | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| १० | श्री आ.वि. लक्ष्मीनिया | रानीमती चौधरी | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| ११ | श्री आ.वि. मेवा | राजेश साह सोनार | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| १२ | श्री जनता आ.वि. लक्ष्मीनिया | रमेश प्रसाद चौधरी | ८०००×१३=१०४००० | ९५००×१३=१२३५०० | १९५०० |
| जम्मा | | | १२४८००० | १४६७००० | २१९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१९,००० |

२४ **छात्रवृति वितरण-**

शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।०८२ को क्रियाकलाप नं ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति शीर्षक अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताको लागि छात्रवृतिको प्रबन्ध गरेको र यस क्रियाकलापमा अन्तर्गत स्थानीय तहका कार्यक्रममा स्वीकृत रकमको बाँडफाड गरी विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने, स्थानीय तहले विगतदेखि आवाशिय छात्रवास संचालनमा रहेका विद्यालयको पहिचान गरी संचालनको अवस्था एवं विद्यार्थी संख्या यकिन गर्ने, छात्रवृति रकम उपलब्ध गराँउदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रुपमा छात्रवृति उपलब्ध गराउनुपर्ने, अन्य गैरआवाशिय प्रकृतिका छात्रवृति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने विद्यालयले छात्रवृति वितरण गरेको भरपाई स्थानीय तहमा पेश गर्नुपर्ने व्यावस्था रहेको छ । छात्रवृति कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई रकम रु.१३९६४००। निकासा भएकोमा लेखापरीक्षणको समायअवधि सम्म तपशिलमा उल्लेखित विद्यालयहरुमा निकासा भएको रकम विद्यालयहरुले छात्रवृति वितरण गरेको भरपाइ पेश नभएकोले यस सम्बन्धमा एकिन गरि छात्रवृत्ति वितरणको भरपाई पेश गर्नुपर्दछ ।

| क्र.सं. | विधालयको नाम | निकाशा भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री माध्यमिक विधालय विजयपुर | ६१२०० | |
| २ | श्री माध्यमिक विधालय दुधिअवा | ४०८०० | |
| ३ | श्री हिमाली जनता मा. वि. | ४७६०० | |
| ४ | श्री मा. वि. पेटभर्वा | ११६००० | |
| ५ | श्री मा.वि. सितलपुर | ७५२०० | |
| ६ | श्री मा. वि. टेग्राहा | १४४००० | |
| ७ | श्री माध्यमिक विधालय बैरगनिया | ८६००० | |
| ८ | श्री आधारभुत विधालय लक्ष्मीनिया | ६०४०० | |
| ९ | श्री आधारभुत विधालय खैरा | ३६००० | |
| १० | श्री आधारभुत विधालय मेवा | १५१६०० | |
| ११ | श्री जनता आधारभुत विधालय भैसही | ३६००० | |
| १२ | श्री यमुना कौशलया आ.वि. मेवा | ५२००० | |
| १३ | श्री सहिद प्रा.वि. भैसाही | १०००० | |
| १४ | श्री बाल कल्याण प्रा.वि. भठी रङ्गी | २१२०० | |
| १५ | श्री प्रा.वि. रङ्गी | ३८४०० | |
| १६ | श्री दशरत प्रा.वि. रानीगर्जा | २३२०० | |
| १७ | श्री बाल सदन प्रा.वि. दधिअवा | २४००० | |
| १८ | श्री बाल ज्योति प्रा.वि. बुनियाद | २६००० | |
| १९ | श्री प्रा.वि. बुनियाद | २०००० | |
| २० | श्री माँ सरस्वती प्रा.वि. विजयपुर | ३६४०० | |
| २१ | श्री अन्नपूर्ण प्रा.वि. रामदासी | ३०४०० | |
| २२ | श्री जनता प्रा.वि. फतुवा | १६००० | |
| २३ | श्री प्रा.वि. हर्साहा | ३८००० | |
| २४ | श्री प्रा.वि. डुमरिया | ४०००० | |
| २५ | श्री प्रा.वि. संतपुर | ३२८०० | |
| २६ | श्री राम जानकि प्रा.वि. घुसुकपुर | ३६००० | |
| २७ | श्री दलित प्राथमिक विधालय सितलपुर | २७२०० | |
| २८ | श्री दलित प्रा. वि. गम्हरिया-१ | ५४४०० | |
| २९ | श्री चेता पुनकलिया आदर्स प्रा. वि. सितलपुर | ९६०० | |
| ३० | श्री मथुर पनिया प्रा.वि. सितलपुर | ६००० | |
| | | | |

| | | | |
|---|---|---|---|
| जम्मा | १३९६४०० | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९६,४०० |

२५ **दिवा खाजाको रकम अन्यत्र खर्च-**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ तथा कार्यक्रम कार्यन्यवन पुस्तिका २०८१।०८२ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं घ तथा बुदाँ नं ज मा भएको व्यवस्था अनुसार स्थानीय कृषकसँग खरिद गरिएका खाद्यन्नको परिणाम खुल्ने गरी बिल भरपाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गर्नुपर्ने साथै बुँदा नं घ मा विद्यार्थी संख्या एकिन गरी प्रत्येक त्रैमासिकमा निकासा दिँदा उक्त समयअवधि भन्दा अगाडी निकासा गरिएको रकमको सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापतको रकमबाट देहायका विद्यालयहरुलाई शैक्षिक भ्रमण, सामग्री खरिद, प्र.अ. बैठक र डेस्क बेञ्च खरिद लगायतका शीर्षकमा निकासा दिएको देखिएकोले कार्यक्रम कार्यान्वियन निर्देशिकाको व्यवस्था विपरित निकासा भएको दिवा खाजा वापतको रकम देहायका विद्यालयहरुबाट असूल गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रकम रु.

| क्र.सं. | विधालयको नाम | निकासा भएको शीर्षक | निकासा हुनुपर्ने शीर्षक | निकाशा भएको रकम |
|---|---|---|---|---|
| १ | श्री माँ सरस्वती प्राथमिक विधालय | शैक्षिक भ्रमण | दिवा खाजा | २६४९६२ |
| | | डेस्क बेञ्च खरिद | दिवा खाजा | ९२००० |
| | | प्र.अ. बैठक | दिवा खाजा | ८१५५८ |
| | | सामग्री खरिद | दिवा खाजा | १६२२४५ |
| २ | श्री हिमाली जनता मा.वि. हिमालीबास | शैक्षिक भ्रमण | दिवा खाजा | ३८०००० |
| | | बैठक खर्च | दिवा खाजा | ५२७५० |
| जम्मा | | | | १०३३५१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३३,५१५ |

२६ **प्रमाण पेश नभएको-**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ तथा कार्यक्रम कार्यन्यवन पुस्तिका २०८१।०८२ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं घ मा संघिय सरकारबाट शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्त्रण गर्दा राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर, विद्यालय छाड्ने दर लगायतलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले बजेट हिसाब गरि पालिकाले त्रैमासिक रुपमा निकासा छाड्ने र स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यालयको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउने, यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडी निकासा गरिएको रकम सदुपयोग भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका ३१ वटा विद्यालयहरुलाई दिवा खाजा वापत रकम रु. १७०२९००० निकासा भएकोमा तपशिलमा उल्लेखित विद्यालयहरुले लेखापरीक्षणको प्रमाण तथा कागजात पालिकामा पेश गरेको नदेखिएको उल्लेखित विद्यालयहरुमा दिवा खाजा संचालन भए नभएको सम्बन्धमा एकिन हुन सकिएन। निर्देशिकाले तोके बमोजिमको प्रमाणित हाजिरी तथा कागजातहरु पालिकामा पेश गर्नुपर्ने देखिएको रु.

| विद्यालयको नाम | निकासा भएको रकम |
|---|---|
| श्री यमुना कौशल्या स्मृति आधारभुत विधालय मेवा-९ | २६८६८१ |
| श्री माध्यमिक विद्यालय टेंग्राहा | ७१८८५० |
| श्री जनता आधारभुत विधालय, लक्ष्मिनिया दो. | २४१०५८ |
| श्री अन्नपूर्ण प्राथमिक विधालय रामदासी | ४४७३५५ |
| श्री जनता माध्यमिक विधालय फतुवा हर्षाहा | २४४४७५ |
| श्री माध्यमिक विधालय सितलपुर | ७४७५९३ |
| श्री आधारभुत विधालय बुनियाद | १३२६१५ |
| श्री माध्यमिक विधालय दधिअवा | ५१४३३५ |
| श्री माध्यमिक विधालय पेटभर्वा | ४६२१२० |
| श्री माँ सरस्वती प्रा.वि. लक्ष्मिनिया | ३०७०५५ |
| श्री बाल ज्योति सामूदायिक आधारभुत विधालय बुनियाद | २४०९४५ |
| श्री आधारभुत विधालय लक्ष्मिनिया दो. | २५८२१० |
| श्री जनता आधारभुत विधालय भैसही | ९३०३० |
| **जम्मा रकम रु...** | **४६७६३२२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,७६,३२२ |

२७ **पाठ्यपुस्तक अनुदान-**

पाठ्यपुस्तक अनुदान, कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।०८२ को क्रियाकलाप न.२.४.६.१ मासामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तकको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउदा पहिलों किस्तामा ७५% अनुदान मात्र उपलब्ध गराउने र दोस्रो किस्तामा आवस्यकता अनुसार २५% दिन सकिने व्यवस्था छ। पालिकाले पहिलो किस्ताको रकम बाट विद्यालयले पाठयपुस्तक खरिद गरी विद्यार्थीहरूलाई बाँडेको प्रमाण तथा कागजात पालिकामा पेश गरी दोस्रो निकासा दिनुपर्नेमा विद्यालयको मागको आधारमा पाठ्यपुस्तक वापतको रकम निकासा गरेको देखिएकोले कार्यक्रम कार्यान्वियन निर्देशिकाको व्यवस्था विपरित पाठ्यपुस्तक अनुदानको दोस्रो निकासा गरेको छ ।पालिका अन्तर्गतका देहायका विद्यालयहरुले लाभग्राही विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई तथा प्रमाण कागजातहरु पेश गरेको नदेखिएकोले IMIS को विद्यार्थी संख्या सँग सत्यापान गरी रकम निकासा भएकै हो भन्ने सम्बन्धमा विश्वस्त हुन सकिएन ।साथै, पालिकाले विद्यालयहरुबाट पाठ्यपुस्तक खरिद गरी विधार्थीहरुलाई वितरण गरेको प्रमाण माग गरी अध्यावधिक रुपमा राख्नुपर्नेमा राखेको नदेखिएकोले निर्देशिकाले तोके बमोजिम पाठ्यपुस्तक वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | विधालयको नाम | प्रथम निकाशा (७५ प्रतिशत) | थप निकाशा (२५ प्रतिशत) | जम्मा निकाशा |
|---|---|---|---|---|
| १ | श्री माध्यमिक विधालय विजयपुर | ५९८५९४.२० | ४७४६२३.४० | १०७३२१७.६ |
| २ | श्री माध्यमिक विधालय दुधिअवा | ४०३१८८ | २७७८१५ | ६८१००३ |
| ३ | श्री हिमाली जनता मा. वि. | २११९०७ | २०६२८८.४० | ४१७३९५.४ |
| ४ | श्री मा. वि. पेटभर्वा | ३८९७५२ | २१०१४२.६० | ५९९८९४.६ |
| ५ | श्री आधारभुत विधालय सितलपुर | ४६९७४० | - | ४६९७४० |
| ६ | श्री मा. वि. टेग्राहा | ४४५३९९ | - | ४४५३९९ |
| ७ | श्री माध्यमिक विधालय बैरगनिया | २९२६०८ | - | २९२६०८ |
| ८ | श्री आधारभुत विधालय लक्ष्मीनिया | १५७१८० | - | १५७१८० |
| ९ | श्री आधारभुत विधालय खैरा | ५८५४४ | - | ५८५४४ |
| १० | श्री आधारभुत विधालय मेवा फतुवा | ९९९८४.६० | ३६३८४७.८० | ४६३८३२.४ |
| ११ | श्री जनता आधारभुत विधालय भैसही | ७२३३३ | - | ७२३३३ |
| १२ | श्री यमुना कौशलया स्मरिती प्रा.वि. | ७६१४९ | - | ७६१४९ |
| १३ | बाल कल्याण स. प्रा.वि. | २६४५५ | - | २६४५५ |
| १४ | श्री आधारभुत विधालय लक्ष्मीनिया | ५७५८१ | - | ५७५८१ |
| १५ | प्रा.वि. | २९७१० | - | २९७१० |
| १६ | बाल सदन स. प्रा. वि. दधिअवा | ४३६०९ | - | ४३६०९ |
| १७ | श्री बाल ज्योति सामुदायिक प्रा.वि. | ३१७८५ | - | ३१७८५ |
| १८ | श्री आधारभुत विधालय बुनियाद | २९३०२ | - | २९३०२ |
| १९ | श्री माँ सरस्वती प्रा. वि. लक्ष्मीनिया | ५५८०३.८० | - | ५५८०३.८० |
| २० | श्री अन्नपूर्ण प्रा.वि. रामदासी सन्तपुर | ४३४३९. ४० | - | ४३४३९. ४० |
| २१ | श्री शहिद प्रा. वि. लक्ष्मीनिया | २१३३० | - | २१३३० |
| २२ | प्रा.वि. | ४३१४३ | - | ४३१४३ |
| २३ | श्री प्रा.वि. डुमरिया सन्तपुर (दो.) | ६४३५६ | २६५१२.४० | ९०८६८.४ |
| २४ | श्री प्रा.वि. सन्तपुर (दो.) | ४४०२६ | - | ४४०२६ |
| २५ | श्री राम जानकि प्रा.वि. | ५७४१० | - | ५७४१० |
| २६ | अब्दुष सकुर ईस्लामिक मोदर्सा | २२७४२ | - | २२७४२ |
| २७ | श्री दलित प्राथमिक विधालय सितलपुर | ९२१३०.८० | - | ९२१३०.८० |
| २८ | श्री दलित प्रा. वि. गम्हरिया | ९५८३५ | - | ९५८३५ |
| २९ | श्री चेता पुनकलिया आदर्स प्रा. वि. सितलपुर | ३२४६२ | - | ३२४६२ |
| ३० | श्री मथुर पनिया प्रा.वि. सितलपुर | १२९३६ | - | १२९३६ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | **४०७८६३४.४** | **१५५९२२९.६** | **५६३७८६४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,३७,८६४.४ |

२८ **बढी ग्रेड भुक्तानी-**

राष्ट्रिय किताबखाना (शिक्षक) ले आ.व. २०८१/०८२ को लागि पारित गरेको तलवी प्रतिवेदन अनुसार प्रा.शि.तृ. श्री राधेश्याम प्रसाद यादवको ६ ग्रेड कायम भएकोमा पालिकाले ७ ग्रेड भुक्तानी गरेको देखिएकोले पारित तलवी प्रतिवेदन भन्दा बढी भुक्तानी भएको ग्रेड सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | दर्जा | विधालयको नाम | कायम भएको ग्रेड | भुक्तानी भएको ग्रेड | बढी ग्रेड भुक्तानी | बढी भुक्तानी महिना | बढी भुक्तानी रकम | थप १०% सञ्चय कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| श्री राधेश्याम प्रसाद यादव | प्रा.शि.तृ. | श्री आ. वि. खैरा - ९ | ६ | ७ | १ | ७ | ७६७९ | ७६७ | ८४४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४४६ |

२९ **प्राविधिक धारको विद्यालयलाई अनुदान-**

प्राविधिक धारको विद्यालयलाई अनुदानः कार्यक्रम कार्यन्यवन पुस्तिका को क्रियाकलाप नं २.७.१३.५० प्रति विधार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विधालयलाई अनुदान अन्तर्गत प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विधालयलाई प्रति विधार्थी वार्षिक १५ हजार अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गतको श्री मा.वि. पथरा वुधराम विद्यालयलाई प्राविधिक धारको अनुदान निकासा गर्दा विधालयमा भर्ना भएको विधार्थी संख्या भन्दा बढी संख्या अनुदान निकासा गरेको देखिएकोले बढी निकासा भएको रकम फिर्ता गरी दाखिला गर्नु पर्ने रु.

| विधालयको नाम | कक्षा | निकासा विधार्थी संख्या | भर्ना भएको विधार्थी संख्या | बढी निकासा | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| श्री माध्यमिक विधालय दुधिअवा | कक्षा ९ | ४७ | ४५ | २ | ३०००० |
| जम्मा रकम रु. | | | | | ३०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

३० **स्यानिटरी प्याड खरिद-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को नियम ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै नियम ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि पालिकाले शशर्त अनुदानको भौचर न ७९।८१।११।१५ वाट ४१०५०थान प्रती थान २२।४५ का दरले रु.९२१६९९।० (मु.अ.कर समेत) मा र नगरपालिका चालु भौचर नं ५५२।८२।२।२० वाट १०१४९२ प्रति थान २२।४३ (मु.अ.कर समेत) का दरले रु २२७६५१६।०समेत जम्मा रु ३१९८२१५।०को स्यानिटरी प्याड बिजय मेडिसिन सप्लायर्सबाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरिएको देखिन्छ।खरिद गरिएको स्यानिटरी प्याड (E-BID) भएको SPECIFICATIONS अनुसार भए नभएको प्रविधिक जाँच समेत नगरी विद्यालयलाई वितरण गरेको देखिन्छ । गत आ.व.को मौज्दात समेतको विवरण खुलाएको छैन । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्दछ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ ।

३१ **मूल्य अभिवृद्धि कर कट्टी-**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम

रु.१९८८२२। कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । कट्टी गर्न छुट भएको रकम सम्बन्धित व्यवसायीले कर दाखिला गरेको मुल्यअभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउने फर्म | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ७९।८१।११।१५ | विजय मेडिसिन सप्लायर्स स्यानीटरी प्याड खरिद | ११२६८५२६३ | ९२१६९९ | १०६०३५ | ३१८१० |
| ५५२।८२।२।२०नपा चालु | विजय मेडिसिन सप्लायर्स स्यानीटरी प्याड खरिद | ११२६८५२६३ | २२७६५१७ | २६१९०० | ७८५७० |
| ९४।८१।११।२१ | विजय मेडिसिन औषधी खरिद | ११२६८५२६३ | १९३४२१० | ४२८८७ | १२८६६ |
| ५५०।८२।२।२०नपा चलु | विजय मेडिसिन औषधी खरिद | ११२६८५२६३ | ४१५५१७५ | ९३६०० | २८०२४ |
| ३७०।८२।३।२५ | सुमित मेडिको फर्म न्यानो झोला खरिद | १२५३८३७४९ | ३९९२०० | ४५९२५ | १३७७८ |
| ११८।८१।१२।९नपा पूँजिगत | भेक्टर ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६१२२४८४६९ | ९७८५८० | ११२५८० | ३३७७४ |
| जम्मा रु | | | | | १९८८२२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९८,८२२ |

३२ **सामाजिक सुरक्षा भत्ता वितरण-**

सामाजिक सुरक्षा भत्ता वितरणसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरि कारोवार बन्द गर्नुपर्ने, आर्थिक कारोवार बन्द भए पछि प्रचलित कानून बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक बैंक सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने, भत्ता वितरणको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण भएको संख्या ५८६८ नयाँ ईन्ट्रि भएको १३९९ र लगत कट्टा भएको ६८४ गरी जम्मा ६५८३ जना लाभग्राहीलाई भत्ता वितरण वापत रु.१४०६८१९०३। निकासा भएको छ। पालिकाले आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र बैंक सँगको स्टेटमेन्ट भिडान तथा निश्क्रिय खाता सम्बन्धी विवरण भिडान गरी कार्यविधिले तोकेको समयमा सामाजिक सुरक्षा वापतको रकम एकिन गरी फिर्ता गर्नुपर्नेमा सो गरेको देखिएन । कार्यविधिले तोकेको प्रकृयाको पालना गरी फिर्ता गर्नुपर्ने रकम एकिन गरी समयमा फिर्ता गर्नुपर्छ ।

३३ **सार्वजनिक परीक्षण-**

सार्वजनिक परीक्षणस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले हरेक तीन महिनामा एकपटक सार्वजनिक सुनुवाई गरी सार्वजनिक सेवा प्रवाहको गुनासो सम्बोधनको लागि गुनासो सुन्ने अधिकारी नतोकेको, कार्यालयमा सेवाग्राहीकै गुनासोका लागि गुनासोपेटीका समेत राखेको पाईएन । कानूनले तोकिएबमोजिम सार्वजिक सुनुवाई गर्ने, गुनासो सुन्ने अधिकारीको व्यावस्था गर्ने लगायत कानूनले तोकेका कार्यहरु सम्पादन गरी आर्थिक कारोवारको जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन गर्नुपर्छ ।

३४ **अनुगमन-**

अनुगमनसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी

निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकामा समिति गठन भएको छैन । पालिकाले कार्यविधि परिपालनामा ध्यान दिनुपर्छ।

३५ **पारदर्शिता र जवाफदेहिता-**

पारदर्शिता र जवाफदेहितासामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भताको दर, प्राप्त हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीयतहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा गरेको देखिएन । कार्यविधिले निर्धारण गरेको प्रकृया अबलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउनुपर्छ।

३६ **बढी भुक्तानी-**

सार्वजनिक खरिद कानुनमा सार्वजनिक खरिद गर्दा जिल्ला दररेट अनुसारको मुल्यमा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले कास्मी कृषि तथा पोल्ट्रि फर्म लिचिको विरुवा खरिद गरी वितरण गरेको छ । पालिकाले विरुवा खरिद गर्दा रौतहट जिल्लाको आर्थिक वर्ष २०८१। ०८२ को लागि निर्धारित जिल्ला दररेट भन्दा बढी दररेटमा फलफुलका विरुवा खरिद गरी बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.

| गो.भौ.नं./मिति | भूक्तानीपाउने | भुक्तानीरकम | विवरण | परिमाण | खरिददर | जिल्लादररेट | फरक दर | बढीरकम |
|---|---|---|---|---|---|---|---|---|
| ४३।०८१।१०।१० | कास्मीकृषि तथा पोल्ट्रि फर्म | ७०००० | लिचिको | ११०० | १३० | ६० | ७० | ७७००० |
| | | | | | | | असुल गर्नुपर्ने | ७७,००० |

३७ **भ्रमण खर्च सम्बन्धमा-**

भ्रमण खर्च नियमावलीको नियम ३(१) मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरि भ्रमण गर्न वा काजमा जान नहुने तथा भ्रमण सम्बन्धि निर्णय गर्दा कार्यालय प्रमुख वा एक तह माथिको पदाधिकारी वा कर्मचारीबाट भ्रमण आदेश स्वीकृत गराई खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका व्यक्तिलाई भुक्तानी गर्दा खर्च स्वीकृतिको प्रमाण तथा कागजात विनै भ्रमण खर्च भुक्तानी गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

| भौचर नं/मिति | भुक्तानीपाउने | रकम | कैफियत |
|---|---|---|---|
| ७८८।०८२।०३।२४ | उपेन्द्र प्रसाद साह कानु | ४४०० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| ७८७।०८२।०३।२४ | हरेन्द्र राय यादव | २३२०० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| ७५०।०८२।०३।२० | अम्बेया खातुन | ४८८०० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| ७४८।०८२।०३।२० | महमद कैसन देवान | ६९३०० | भौचर साथ खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात संलग्न नभएको । |
| ७४२।०८२।०३।१५ | मंगर राय | ४०००० | भौचर साथ खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात संलग्न नभएको । |
| ७३३। ०८२।०३।१४ | हरि शंकर यादव | २६८०० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| ७६१।०८२।०३।२१ | कृष्णा साह सोनार | ६००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | तारावती चौधरी | ७००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | बिन्दालाल महतो | ५००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | मनोज बैठा धोबी | ९२५० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | राम जनम राम | ८००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | राम विश्वास प्रसाद यादव | ५००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| | हंशराज कुमार यादव | २०००० | भ्रमण आदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको। |
| ६३२।०८२।०३।०३ | रामनिवास प्रसाद यादव | ११७०० | भ्रमणआदेश र भ्रमण खर्च स्वीकृत विना भ्रमण खर्च भुक्तानी भएको । |

| | |
|---|---|
| अनियमित भएको | २,८४,४५० |

३८ **प्रमाण बेगर भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट खर्च लेख्दा खर्च पुष्टि हुने बिल,भरपाई, तथा खर्च भएको प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखिएकोले नियमानुसार खर्चको पुष्टि हुने बिल, भरपाई प्रमाण कागजातहरु पेश गर्नुपर्ने देखिएको रु.

| भौचर नं/ मिति | भुक्तानीपाउने | रकम | कैफियत |
|---|---|---|---|
| ४४। ०८१। ०७।१४ | पालिका एडरभाईजिङ एजेन्सी मिडिया सेन्टर | ५६५०० | खर्च भएको रकम पुष्टि हुने बिल भरपाई नभएको |
| ३८६। ०८१। १२।१७ | देव लाल कुमार राय यादव | ८०००० | खर्च भएको रकम पुष्टि हुने बिल भरपाई नभएको |
| ४४०। ०८२। ०१।१६ | अवध राय यादव | ६५००० | खर्च भएको रकम पुष्टि हुने बिल भरपाई नभएको |
| ४४८। ०८२। ०१।२० | सरस्वती प्रा वि लाई व्यवस्थापन अनुदान | ६३०००० | संलग्न शिक्षा शाखाको सिफारिस अनुसार अनुदान निकासा गरेको श्रेष्तासाथ कुनै प्रमाण कागजा पेश नभएको । |
| ५९७। ०८२। ०२।२९ | नेपाल विद्युत प्राधिकरण | ४५८६९ | श्रेष्ता र पालिकाको निर्णयसाथ बिजक संलग्न नभएको । |
| ५८१। ०८२। ०२।२६ | एस एण्ड एस सप्लायर्स | ९९४०४९ | खर्च भएको रकम पुष्टि हुने बिल भरपाई नभएको |
| ६३०। ०८२। ०३।०३ | होटल रोजउड प्रा लि | ८५४५६ | श्रेष्ता साथ कर बिजक संलग्न भएको तर सो खर्चलाई पुष्टि गर्नेप्रमाण कागजात पेश नभएको । |
| ६०७। ०८२। ०२।३० | विरेन्द्र प्रसाद यादव | २१५१० | खर्च भएको रकम पुष्टि हुने बिल भरपाई नभएको |
| ६५४। ०८२। ०३।०३ | महमद फिरोज आलम | ४००००० | भौचर साथ विजय मिट एण्डगेष्ट हाउसको २१ थान विजक पेश भएकोमा बिजकमा बिजक जारी मिति समेत उल्लेख नभएको ।बिजक बाट भएको खर्चको पुष्टिहुने प्रमाण, योजनाको अनुगम गरेको प्रतिवेदन सहित अनुगमन कर्ताको उपस्थितसहितको माईनुट पेश गर्नुपर्ने । |
| ६८६। ०८२। ०३।०९ | सुमित्रा प्यालेश | ६१०२० | भौचर साथ खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात सैलग्न नभएको । |
| ६६१। ०८२। ०३।०४ | होटल सिया प्यालेस | १५२५०० | श्रेष्ता साथ कर बिजक संलग्न भएको तर सो खर्चलाई पुष्टि गर्नेप्रमाण कागजात पेश नभएकोले खर्च उक्त खर्च प्रयोजन खुल्ने गरी प्रमाण पेशगर्नुपर्ने । |
| ७१२। ०८२। ०३।११ | अनिरुद्र प्रसाद यादव | ६९००० | विभिन्न मितिमा कार्यालयको काममा भ्रमण गरेको भनी भ्रमण भत्ताभुक्तानी भएकोमा म ले प फा नं २२४ अनुसारको प्रमाणित भ्रमण बिल र सम्पादितभ्रमण प्रतिवेदन पेश गर्नुपर्ने । |
| ७०९। ०८२। ०३।११ | दिपेन्द्र प्रसाद यादव | १५००० | विद्युतको मिटर उपलब्ध सम्बन्धमा भनी खर्च लेखेकोमा सोको प्रमाणबिल बिजक पेश नभएको । |
| | | | |

| | | | |
|---|---|---|---|
| ७०३। ०८२। ०३।११ | प्लस वन टेलिभिजन ग्रुप | २००३०० | शुभकामनाको प्रसारण वापत भुक्तानी गरेकोमा के कस्तो सूचनाप्रसारण गरेको सो सम्बन्धी Audio/Visual प्रमाण सहित खर्च पुष्टि हुने प्रमाणतथा कागजात पेश गर्नुपर्ने |
| ७७६। ०८२। ०३।२३ | सुमित्रा प्यालेश | ३६७२५ | भौचर साथ खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात सैलग्न नभएको । |
| ८०७। ०८२। ०३।२५ | श्री माँ सरस्वती प्रा वि फतुवा विजयपुर | ६११४८ | भौचर साथ कुनै प्रमाण तथा कागजात संलग्न नभएको । |
| जम्मा रकम रु | | २९७४०७७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,७४,०७७ |

## ३९ सिपमूलक कार्यक्रम-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०८० ले स्थानीय तहमा विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,८०० |

## ४० शीर्षक फरक पारी खर्च लेखेको-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ (२) क अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत बर्गीकरण तथा व्याख्या, २०७४ ले निर्देशन गरेको ढाँचा अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले देहायको खर्च शीर्षक फरक पारि खर्च लेखेकोले ऐन कानूनमा भएको व्यवस्था विपरित शीर्षक फरक पारि लेखेको नियमसम्मत नभएको रु.

| भौनं/मिति | भुक्तानीपाउने | भुक्तानीरकम | हुनुपर्नेशीर्षक | भएकोशिर्षक |
|---|---|---|---|---|
| १७४।०८१।०९।०८ | ओम ट्रर्डस एण्ड जेनरल सप्लायर्स | ७४१७३६ | २२५२२-महिला हिँसा तथा बालविवाह न्यूनिकरण कार्यक्रम | मसलन्द तथा कार्यालय सामाग्री |
| ३१७।०८१।११।२२ | महिला तथासमाज सेवा केन्द्र | २९८९९८ | २२५२२-महिला हिँसा तथा बालविवाह न्यूनिकरण कार्यक्रम | २२७११-अतिथिसत्कार |
| ५७४।०२।०२।२२ | गणेश राययादव | ८०००० | २२३१४-ईन्धन | २२५२२-महिला हिँसा तथा बालविवाह न्यूनिकरण कार्यक्रम |
| २७२।०८२।०३।२४ | शारधाट्रेडिङ कन्सन्स | ३४०११८ | मसलन्द तथा कार्यालय सामाग्री | २११११-पारिश्रमिक |
| २५८।०८२।०३।११ | विभिन्न | ७८०००० | आर्थिक सहायता | २११११-पारिश्रमिक |
| १३।०८२।०३।२४ | ग्याजेटजोन प्रा लि | ५७४६६१ | मसलन्द तथा कार्यालय सामाग्री | ३११५३-विद्युतिकरण कार्य |
| १००।०८१।११।२५ | विभिन्न | १२१५००० | आर्थिक सहायता | २११११-पारिश्रमिक |
| ३२२।०८२।०३।२३ | २५ जना कृषक | ६२५००० | २७२१३-कृषिअनुदान | २२५२२- दिवा खाजा |
| ६४२।०८२।०३।०३ | मंयकट्रेडर्स | २९३२७ | २२५२२-नगरस्तरीयक्रिकेट आयोजना | २५३११- विद्यालय व्यवस्थापनअनुदान |
| ७९४।०८२।०३।२४ | प्रेमाकुमारी चौधरी | १५००००० | २१२१४-कर्मचारीकल्याण कोष | २७२१३-कृषिविउ खरिद तथा वितरण |
| ८०६।०८२।०३।२५ | महमदसप्लायर्स | ६७८०४० | अपाङ्गतासम्बन्धि सामान खरिद | २८१४२-घरभाडा |
| | | | अनियमित भएको | ६७,९०,६८५ |

४१ **लागत अनुमान नभएको-**

सार्वजनिक खरिद नियमावली २०५० को नियम ११ मा कुनैपनि सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा मालसमानको स्पेशिफिकेशनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सिक्युरिटी बोल्डर्सबाट कार्यालय प्रयोजनको लागि खरिद गरी रु.५३८०६३ भुक्तानी दिएको छ । पालिकाले मालसमानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेश तयार नगरि खरिद गरेको देखिएकोले खरिद नियम कानुनले तोकेको मापडण्ड/ प्रकृयाको पालना गरी खरिद गर्नुपर्दछ ।

यस दफा सँग सम्बन्धित उदाहरण देहायबमोजिम छन्

| भौनं/मिति | भुक्तानीरकम | भुक्तानीपाउने | कैफियत |
|---|---|---|---|
| ३५६।०८१।१२।१३ | २४३०४० | शास्वतट्रेडिङ | ना १ झ १७०१ को सवारी मर्मत गर्दा लागत अनुमान कार्यालय प्रमुखबाटस्वीकृत नगरी खर्च लेखेको । |
| ३५४।०८१।१२।१२ | १२४७३२ | शास्वतट्रेडिङ | ना १ झ १७०१ को सवारी मर्मत गर्दा लागत अनुमान कार्यालय प्रमुखबाटस्वीकृत नगरी खर्च लेखेको । |
| ३२१।०८१।११।२३ | १७०२९१ | अजरुदिनअटो सप्लायर्स | ना १ झ १६४६ को सवारी मर्मत गर्दा लागत अनुमान कार्यालय प्रमुखबाटस्वीकृत नगरी खर्च लेखेको । |

४२ **कानूनी सल्लाहकार-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले (भौचर नं ३८।०८१।०७।१४) दरबन्कादी बेगर कानूनी सल्लाहकार श्री ईश्वरी अधिकारी सँग मिति २०८१ श्रावण १ मा सम्झौता गरी बार्षिक रु.४८०००० भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियमसँगत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

४३ **न्यूनतम दररेट निर्धारण-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेटमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ। अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री पालिका स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ। अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी पालिकाले दररेट तयार गर्नुपर्नेमा बाग्मती खोलाबाट ढुङ्गा बालुवा गिट्टी लगायत सामाग्री ढुवानी गर्ने गरी लागत अनुमानको आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ। बागमती खोलाको पौराइ घाटलाई आधार लिएर ढुवानी दिए पनि रोल्टी तिरेको प्रमाण पेश नगरेको कारण ढुङ्गा तथा ग्राभेल कहाँ तथा कुन खोलाबाट ल्याएको यकिन हुन सकेन। स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ। रौतहट जिल्ला दररेटमा ढुङ्गा तथा बालुवाको बागमती नदी पौराइ निरको घाटदेखि सदरमुकाम गौरसम्म करिब ५० देखि ५५ कि.मि. ढुवानी समेतलाई आधार मानेर दर निर्धारण गरेको र दुरी घटिबढि भए सोहि अनुसार लागत थपघट गर्ने भनिएको छ। राजदेवी नगरपालिका पौराइ घाटबाट लगभग २५ देखि ३० कि.मि. मात्र भएपनि पालिकाले जिल्ला दररेट अनुसार ग्राभेल र बालुवाको दर नघटाई दर विश्लेषण गरेकोले निर्माण कार्यको लागत लगभग १० देखि २० प्रतिशत सम्म बढेको छ।तसर्थ, पालिकाले निर्माणका कार्यामा दर विश्लेषण गर्दा राज्यलाई आर्थिक व्ययभार नपर्ने गरी मितव्ययी तवले गर्नुपदर्छ।

४४ **परामर्श सेवा खरिद-**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना परामर्श सेवा लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार बर्षान्तमा देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई रकम रु.९७९००५ खर्च गरेको छ ।यसरी खर्च गर्दा लागत अनुमानको आधार तय नगरी खर्च गरेको तथा खरिद गरेको परामर्श सेवा कार्यान्वयनमा गएको छैन् । पालिकाले कार्यान्यिवनयोग्य योजनाको छनोट गरी सोको प्रभावकारी कार्यान्वियन तर्फ ध्यान दिनुपर्दछ ।

| भौनं/मिति | भुक्तानीपाउने | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|
| ६३८।०८२।०३।०३ | हलेसीरिसर्च एण्ड कन्सलटेन्सी | ४८२३७० | राजस्व परामर्श सम्बन्धि परामर्श सेवा खरिद गरी भुक्तानी दिएको छ। |
| ६९८।०८२।०३।११ | प्रकाश रिसर्च एण्ड कन्सलटेन्सी प्रा लि | ४९६६३५ | व्यवस्थापनसर्वेक्षण गरी भुक्तानी दिएको । |

४५ **डि.पि.आर-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ तथा सार्वजनिक खरिद नियमावली,२०६४ नियम ६९अनुसार परामर्श सेवा खरिद कार्य गर्दा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको रु.१९५७७०० भुक्तानी गरी डिपिआर कार्य परामर्शदाताबाट गराएको छ । पालिकाले खरिद गरेको डि.पि.आर को स्पष्ट लागत अनुमानको आधार तय गरेको छैन, खरिद गरेको डि.पि.आर प्रतिवेदन कार्यान्वयनमा गएको छैन, डि.पि.आर प्रतिवेदन आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै पनि प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसमानको विवरण मूल्य समेत खुलाई जिन्सी ब्यवस्थापन प्रणाली (PAMS) मा सात दिन भित्र आँम्दानी बाँधी लगत अधावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले खरिद गरेका डि.पि.आर. प्रतिवेदन कार्यालयमा खर्च भएर जाने सम्पत्तिमा दाखिला गरी अभिलेख राखेको छ। उक्त प्रतिवेदन खर्च भएर नजाने सम्पत्तिमा वर्गीकरण गरी जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ न मिति | कार्यविवरण | परामर्शदाता | स्वीकृतरकम | खर्चरकम | डिपिआरले प्रस्ताव गरेको लागत |
|---|---|---|---|---|---|
| ११८। ०८१। १२।१५ | Detail Engineering Survey Architectural and Structure Design and Drawing with cost Estimate for health post building Birthing center | भेक्टरईन्जिनियरिङ कन्सलटेन्सी ६१२२४८४६९ | १०००००० | ९७८५८० | १०३८४५३४५ |
| ४३। ८२।३। १८ | स्वास्थ्य भवन निर्माण सम्बन्धि डिपीआर | | १०००००० | ९७८५८० | |
| **जम्मा** | | | **२०००००००** | **१९५७७००** | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गरी स्वीकृत बजेटको परिधी भित्र रहि सम्भव भए सम्म कार्यालयको प्राविधिक जनशक्ति बाट नै गराउनु पर्दछ । परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को आधार उल्लेख भएको देखिएन । लागत अनुमानमा कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ (७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने पामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल लायविलिटी ईन्सुरेन्स)सेवासंग सम्बन्धित कार्यक्षेत्र अनुभवको प्रमाणपत्र समेत पेश गर्नुपर्ने ब्यवस्था गरेकोमा उक्त कागजात पेश गरेको देखिएन। पालिकाले विभिन्न योजनाको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा तथा कार्यक्षेत्र अनुभव प्रमाण पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनु पर्दछ ।

उक्त योजनाहरु जिन्सीमा दाखिला गरी अभिलेख राखी कार्यान्वयनमा ल्याउनु पर्नेमा हालसम्म अभिलेखिकरण तथा कार्यन्वयनमा आउन सकेको देखिएन त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तथा डिपिआर तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५७,७०० |

४६ **पाम्समा दाखिला नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा बढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७। ८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS) प्रविष्ट गर्न परिपत्र गरेको छ । कार्यालयले देहायका जिन्सीको दाखिला

सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गरेको छैन । कार्यालय संचालनको लागि सामान खरिद गरी निम्नानुसारको सामाग्री खरिद गरी रु.३३४०६०६ भुक्तानी दिएको देखिन्छ । पालिकाले खरिद गरी हस्तान्त्रण गरेका सामानहरु कार्यालयको म्यानुअल जिन्सी खातामा दाखिला गरेको छ।PAMS दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.नं./मिति** | **भूक्तानी पाउने** | **विवरण** | **संख्या** | **दर** | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| ५५।०८१।०८।०३ | चाँदईन्टरप्राईजेज एण्ड सप्लायर्स | स्कुलब्याग | १००० | ९९९ | ९९८९२० |
| | जितपुरफर्निचर | प्रोस्टिजटेवल | १८ | २६१९ | ४७१४८ |
| | | कुर्शी | ६० | ८७९.१४ | ५२७४८ |
| ३२।०८१।०९।१४ | राजेशईन्टरप्राईजेज | LED Flood Light | ४ | ७९१० | ३१६४० |
| | | LED Bulb | २८० | ६२१।५ | १७४०२० |
| १७१।०८१।०९।०८ | लक्ष्मीट्रेडर्स | Moving Chair Heavy | ११ | ४३७७० | ४८१४७६ |
| १८१।०८१।०९।१४ | अभिजितट्रेडर्स | Street light 50 Watt with angle fitting | २४० | ४११४७ | ९९५३०४ |
| ६९८।०८२।०३।११ | प्रकाश रिसर्च एण्ड कन्सलटेन्सी प्रा लि | O & M survey Report | १ | ४९६६३५ | ४९६६३५ |
| ६९५।०८२।०३।११ | अभयन एण्ड अभ्या इन्टरप्राईजेज | Luminous Battery | 1 pcs | ४३५०५ | ४३५०५ |
| | | invertor | 1 pcs | १९२१० | १९२१० |
| जम्मा रकम रु.. | | | | | |

३३२१३९६

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,२१,३९६ |

४७ **टुक्रा खरिद-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा १० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक गरी सो उप नियमहरुमा उल्लिखित सिमा भन्दा बढि रकमको एउटै ब्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने रु.२० लाख सम्मको निर्माण कार्य गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाको परीपालना नगरी पालिकाको लागि मसलन्द तथा कार्यालय समाग्री शीर्षकबाट टुक्रा-टुक्रा पारी फरक फरक मिति र आपूर्तिकर्ताबाट दररेट माग गरेर खरिद गरी रु.१९७८७९९ खर्च लेखेको छ । यसरी सार्वजनिक खरिद ऐन तथा नियममा भएको व्यवस्था पालना नगरी खरिद कार्य गरेको नियमसँगत नदेखिएको रु.

| भौचर नं/मिति | भुक्तानी पाउने | भुक्तानी रकम रु | खर्च भएको शीर्षक |
|---|---|---|---|
| १७३।०८१।०९।०८ | माँ दुर्गा सप्लायर्स | ९८४५९७ | मसलन्द तथा कार्यालय सामाग्री |
| १७४।०८१।०९।०८ | ओम ट्रडर्स एण्ड जेनरलसप्लायर्स | ९९४२०२ | मसलन्द तथा कार्यालय सामाग्री |

| | |
|---|---|
| अनियमित भएको | १९,७८,७९९ |

४८ **मूल्य अभिवृद्धि कर कट्टी-**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ग मा ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति वापतको कर भुक्तानी सम्बन्धि व्यवस्था अन्तर्गत सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशंक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ता लाई भुक्तानी गर्दा निजलाई

भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले खरिद सम्झौता गरी देहायका आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी गर्दा नियमानुसार कर कट्टी नगरी मू अ कर वापतको रकम एकमुष्ठ भुक्तानी गरेको देखियो । नियम कानुनमा भएको व्यवस्थाको कार्यान्यिन गरी भुक्तानी गर्नुपर्दछ ।

यस दफा सँग सम्बन्धित केही उदाहरणहरु देहायबमोजिम छन्

| भौनं | भुक्तानीपाउने | भुक्तानीरकम | मू अकर रकम | कट्टी गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| ३४०।०८१।११।२७ | श्रीस्टेशनरी स्टोर्स | ९९८८०७ | ११४९०७ | ३४४७२ |
| ४००।०८१।१२।२७ | सरोजट्रेडर्स | ८७८०२० | १०१०११ | ३०३०३ |
| ४९७।०८२।०२।०२ | श्री स्टेशनरी स्टोर्स, शंकर प्रेस | ९९९४२२ | ११४९७७ | ३४४९३ |
| ५५०।०८२।०२।२० | विजयमेडिसिन सप्लायर्स | ४१५५१७५ | ९३४१२ | २८०२३ |
| २७२।०८२।०३।२४ | शारधाट्रेडिङ कन्सर्न | ३४०११८ | ३९१२८ | ११७३९ |
| ४१८।०८१।१२।३० | दलित विकाससामुदायिक केन्द्र | ४९९००० | ५७४०७ | १७२२२ |
| ४१७।०८१।१२।३० | अचलगढ समाजविकास केन्द्र | ४९७७०० | ५७२५७ | १७१७८ |
| १३।०८२।०३।२४ | ग्याजेटजोन प्रा लि | ५७४६६१ | ६६१११ | १९८३३ |
| ६३८।०८२।०३।०३ | हलेसीरिसर्च एण्ड कन्सल्टेन्ट | ४८२३७० | ५५४९४ | १६६४८ |
| ६९८।०८२।०३।११ | प्रकाशरिसर्च एण्ड कन्सलटेन्सी | ४९६६३५ | ५७१२५ | १७१३७ |
| ७२२।०८२।०३।२२ | महिलाजागरण समाज | ४९७५०० | ५७२३५ | १७१७० |
| ७०१।०८२।०३।११ | सुहाना सिप तथा व्यवसायिक प्रशिक्षण केन्द्र | ४८७५९५ | ५६०९५ | १६८२८ |
| ७९१।०८२।०३।२५ | मिलनसार मल्टिप्रपोज ट्रेनिङ इन्सिच्यूट | ५७४०७ | ५७४०७ | १७२२२ |
| ७५६।०८२।०३।२१ | केशरी एण्डसन्स | ५०२४७२ | ११५००७ | ३४५०२ |
| ७२४।०८२।०३।१२ | सुमिन्त्रामिडिया प्रा लि | ४९६००० | ५७०६१ | १७११८ |

४९ **घटी कर कट्टी-**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थासँगको कारोबारमा सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायमा उल्लेखित संस्था मार्फत कार्यक्रम संचालन गरी भुक्तानी दिएकोमा उक्त संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा सो बमोजिम नगरी घटी कर कट्टि गरेको देखिएकोले घटी कर कट्टि रकम असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,४९५ |

५० **कर कट्टी नभएको-**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ ।दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा रोयल्टी सेवा शुल्क विक्रि कमिशन बोनस अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था छ। आ.व. २०८१/८२ का लागि आन्तरिक राजश्व विभागद्धारा प्रकाशित आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८ क. र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा दफा ९५क. बमोजिम अग्रिम कर असुली सम्बन्धी व्यवस्था अनुसार दफा ८८ उपदफा (१) मा बैठक भत्ता, पटके रुपमा

गरिएका अध्यापन गराए बापत, प्रश्न पत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी मा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने, दफा ८८ क उपदफा (१) ५ अनुसार बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्ने, तथा दफा ८८ को उपदफा (१) ४ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा ब्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिबृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा १.५ प्रतिशत का दरले कर कट्टी गर्नुपर्ने ब्यवस्था गरेक छ ।नगरपालिकाले यस आ.व.मा देहाय बमोजिमका कर्यक्रमहरु गर्दा ऐन बमोजिम कर कट्टी गरेको नदेखिएकाले सम्बन्धितवाट असुल गरी संघिय संचितकोष दाखिला हुनु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१,४०७ |

## ५१ आन्तरिक आय ठेक्का र असुली-

५१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पलिकावाट भुमिकर तथा अन्य केहि शुल्क गरी जम्मा रु ३६९५२८७।० अन्य कर उठाउन पहल गरेको देखिदैन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु र ऐन अनुसारका अन्य क्षेत्रको पहिचान गरी आन्तरीक आयमा वृद्धी गरी संघिय बजेटमा पर्ने भार कम गर्नृ पहल गर्नुपर्दछ।यसरी स्थानिय सरकार संचालन ऐन २०७४ अनुसारका कर तथा शुल्हक छुट दिनु नियम सम्मत देखिएन ।

५१.२ **घर जग्गा बहाल कर-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।

उद्योग ब्यबसायीहरुको लगतः पालिका भित्र के कती संख्यामा उद्योग ब्यबसायहरु संचालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योगब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै रेकड राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

**ब्यबसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत ब्यवसाय कर संकलन भएको देखिएन ।

**बहाल बिरौटी शुल्क-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ अनुसार पालिका क्षेत्रभित्र कुनै आफुले निर्माण गरेका रेखदेख वा संचालन गरेका हाट वजार पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपगोग गरेवापत बहाल विरौटी लिनेगरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।

**सवारी पार्किङ्ग शुल्क-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६० मा पालिकले आफ्नो क्षेत्र भित्रका सार्वजनिक स्थानमा सवारी पार्किङ्ग गरेवापत तोकिए बमोजिम सवारी पार्किङ्ग शुल्क उठाउनेगरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।

**जडिवुटी कवाडी र जीवजन्तु कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा पालिकले आफ्नो क्षेत्र भित्रका कुनै ब्यक्ति वा संस्थाले संचालन गरेका उन खोटो जडिवुटी वनकास कवाडी वा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाडखोर प्वाँख आदीमा जडिवुटी कवाडी र जीवजन्तु कर उठाउने उल्लेख छ । तर पालिकावाट यस्ता कर असूलीलाई प्रभाबकारी बनाउने गरेको पाईएन ।

**सेवा शुल्क-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ बमोजिम केबुलकार ट्रेकिङ् क्याम्पिङ्ग बन्जीजम जीपफ्लाईङ्ग स्कटिङ्ग आदी खेलकुद सम्बन्धि सेवा वा ब्यवसायमा सेवा शुल्क असूलीलाई प्रभाबकारी बनाउने गरेको पाईएन ।

**सवारी कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । तर पालिकावाट सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने गरेको पाईएन ।

**मनोरन्जन कर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो।यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर संकलन गरेको देखिएन ।

**पर्यटन शुल्क**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्गालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।यस आर्थिक वर्षमा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन ।

**आन्तरिक आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिकालागी आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत विभिन्न कर तथा शुल्क बहाल विरौटी शुल्क आदी लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै ठेक्कापट्टा लगाउने सक्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष आन्तरिक आय बृद्धिको लागी ठेक्कापट्टामा लगाएको देखिएन ।

**ईट्टा भट्टा**- पालिकाको राजश्व परामर्श समितिको निर्णय अनुसार मौलापुर नगरपालिका क्षेत्रका ईट्टा भट्टाहरुमा वार्षिक रुपमामा व्यवसाय कर लगाउने निर्णय गर्नुपर्ने व्यवस्था छ। तर पालिका अन्तर्गत रहेका ईट्टा भट्टाको बिवरण अभिलेखाँकन भए थगरेको देखिएन । पालिकाभित्र रहेका ईट्टाभट्टा एकिन गरी प्राप्त विवरण अनुसारको ईट्टा भट्टावाट प्रदुषण शुल्क समेत असुल नगरेकोले एकिन गरी असुल गर्नुपर्दछ ।

अत स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको राजस्व संकलनको अधिकारलाई पालिकाले कार्यान्यिन गरी स्थानीय राजस्व संकलन, परिचालन र व्यवस्थापापन गरी पालिकाको आर्थिक समृद्धि तर्फ कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

५१.३ **एकिकृत सम्पत्ति कर र घर जग्गा कर**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा जोडी एकिकृत सम्पत्ती कर घरजग्गा कर लगाइने व्यवस्था रहेको छ पालिकाले यस्ता कर सम्वन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गरेको पाईएन ।

५१.४ **राजस्व छुट**- पालिकाले स्थानिय सरकार सञ्चालन ऐनले दिएको अधिकार बमोजिम वार्षिक रुपमा आर्थिक ऐन निर्माण गरी राजपत्रमा प्रकाशन पश्वात् स्विकृत आर्थिक ऐनमा तोकिए अनुसारको दरमा व्यवसाय कर, मालपोत कर, घरभाडा कर, सम्पत्ति कर तथा सिफारिस दस्तुर लगायत राजस्व संकलन गर्नुपर्नेमा सबै प्रकारका कर छुट हुने निर्णय गरी कुनै पनि प्रकारको राजस्व संकलन गरेको पाईएन ।अन्तरिक आय छुट गर्नाले सधै संघ तथा प्रदेश माथिको परनिर्भरता बढ्दै जाने बिकास निर्माणको कार्यमा प्रभाव पर्ने जनताका चाहना र आकाँक्षा पुरा गर्न कठिनाई हुने शिक्षा स्वास्थ्य स्वच्छ खानेपानी सिंचाइ जस्ता जनताका आधारभुत सेवा उपलब्ध गराउन कठिनाई पर्ने भएकाले जनताको करतिर्न सक्ने क्षमताका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कर तथा शुल्क संकलन गर्दै पालिका आत्मनिर्भर हुनेतर्फ ध्यान दिनुपर्नेमा गरेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार निम्नानुसारको कर शुल्क लगाउन र संकलन गर्न सक्ने ब्यवस्था गरेको छ ।

५१.५ **भुमिकर (मालपोत)**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न ब्यक्ति तथा संस्थावाट भुमिकर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले न्यून मात्र भुममिकर संकलन भएको देखिएको छ ।

## ५२ कर तथा शुल्क असुली-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ।

| क्र.स. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % |
|---|---|---|---|---|
| १ | भुमिकर/ मालपोत | ० | १७४२०५५ | - |
| २ | वहाल कर | ३६७९५४५ | ६८४८४२.६९ | १८.६१ |
| ३ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | १३५०० | - |
| ४ | अन्य कर | ० | ९७१२९० | - |
| ५ | अन्य बिक्रीबाट प्राप्त रकम | ४५८०९६५८ | ० | - |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | ० | १००० | - |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | ० | १३००० | - |
| ८ | नक्सापास दस्तुर | ० | १३६००० | - |
| ९ | अन्य दस्तुर | १०००००० | १३२६०० | १३.२६ |
| १० | अन्य राजस्व | ० | १००० | - |
| | जम्मा रकम | ५०४८९२०३ | ३६९५२८७.६९ | ७.३२ |

माथी उल्लेखित अनुमानित आयको तुलनामा ७.३२ प्रतिशत मात्र वास्तविक आय प्राप्त भएकोमा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमानको यथार्थ अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्ने र ऐन अनुसारका अन्य क्षेत्रको पहिचान गरी आन्तरीक आयमा वृद्धी गर्न पहल गर्नुपर्दछ।

५३ **कन्टिन्जेन्सी खर्च**-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था तथा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । साथै कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने सिलसिलामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ समेत जारी गरेको छ । पालिकाले पुँजीगत बजेटवाट बिभिन्न कार्यक्रम र योजनामा खर्च गरी ति कार्यक्रम वाट कुल लागतमा ३ देखि ४ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टा गरी सोहि बमोजिमको रकम दैनिक भ्रमण ईन्धन बिविध र कार्यालय सामान खरिद कार्यमा भुक्तानी गरेको छ । तर कुन योजनामा कति खर्च भयो र तोकिएको सिमा भित्र रहे नरहेको एकिकृत अभिलेख राखी सम्बन्धित नापि कितावमा समेत चढाई खर्च मितब्ययी र पारदर्शी बनाउनु पर्नेमा नियमावली अनुसारको अभिलेखिकरण गरेको देखिएन ।आयोजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी सीमा भित्र कन्टिन्जेन्सी रकम खर्च गर्ने र उक्त खर्च आयोजना अनुसार नापी कितावमा समेत उल्लेख गर्ने गर्नु पर्दछ ।

५४ **जटिलसंरचना निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्तासमितिको नाम | कामको विवरण | लइ | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६२-२०८१/११/२८ | अधुरोप्राविधिक शिक्षालय निर्माण उ स | मौलापुरन पा ५ अधुरो प्राविधिक शिक्षालय निर्माण कार्य | ३०००००० | ८५०००० |
| १५६-२०८२/०१/१६ | प्रा वि हर्षाहाको २ कोठे भवन निर्माण उ स | प्रा वि हर्षाहाको २ कोठे भवन निर्माण 1st running bill | ३०७१९६५ | १८३०६६४ |
| १६३-२०८२/०१/२४ | वडा कार्यालयको अधुरो भवन निर्माण उ स | वडा कार्यालयको अधुरो भवन निर्माण उ स वडा न ११ | १४२९८४६ | १३५५०९२ |
| ३०९-२०८२/०२/२२ | वडा न ६ मा अधुरो वडाकार्यालयको भवन निर्माण कार्य उ स | वडा न ६ मा अधुरो वडाकार्यालयको भवन निर्माण कार्य | २०५०२८२ | १९३८४७९ |
| जम्मा | | | | ५९७४२३५ |

५५ **जिल्ला दररेट भन्दा बढी भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ ।आ.व. २०८१/८२ को लागि जिल्ला दररेटले ४० मि.मि.,२० मि.मि. र १० मि. मि. को क्रस एग्रिगेटको दर प्रति घनमिटर क्रमश: २४००, २९०० र २९००तथा बालुवा को दर रेट रु. २३०० कायम गरेको छ।दररेटको नोट खण्डमा अन्यथा उल्लेख गरे बाहेक दररेटमा ढुवानी भाडा समावेस गरिएको, निर्माण सामाग्रीहरुको दररेट गौर न. पा. र गौर न.पा. को ५ कि.मि. वरिपरिको लागी निर्धारण गरिएको, सो भन्दा नजिक तथा टाढाको लागि नर्म्स अनुसार ढुवानी भाडा थप गर्न सकिने, ढुङ्गा, वालुवा, ग्राभेलको लागि पौराई नजिकको बाग्मति नदिलाइ श्रोत मानि गौरको दररेट कायम गरिएको, सो भन्दा टाढा/नजिकको लागि नर्म्स अनुसार ढुवानी भाडा थपघट गर्न सकिने उल्लेख गरिएको छ।गौर देखि पौराईको दूरी ५५ कि.मि. छ भने फतुवा बिजयपुर र पौराईको दूरी सो भन्दा कम पर्ने भएकाले अतिरिक्त ढुवानी समावेश गरिरहनु पर्ने देखिदैन।तर पालिकाले Norms For Rate Analysis Of Road and Bridge Works, 2075 को Spec. Cl. No: 2000, Norms No. 20.2.A PCC grade M15 र 20.2.C RCC grade M20 अनुसार दररेट बिश्लेषण गर्दा ४० मि.मि.२० मि.मि. र १० मि. मि. को क्रस एग्रिगेटको दर प्रति घनमिटर क्रमश: ३१६६.८६, ४०२१.७६ र ५७३१.५६ राखि बिश्लेषण गरेको छ। साथै जिल्ला दररेटमा पानीको दर प्रति किलो लिटर रु.२०० कायम गरिएकोमा दर बिश्लेषण गर्दा रु. ८६० राखि दर बिश्लेषण गरेको कारण देहाय बमोजिम को रकम बढी भुक्तानी गएको छ।जिल्ला दररेटले तोकेको भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०३,९२४.७१ |

५६ **बील पेश नभएको**- २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। श्रेस्ता परीक्षणमा तपसिल बमोजिमको खरिद कार्यको प्रमाणित हुने बीजक बिनानै रु. १०२७०५ भुक्तानी भएको छ। बीजक बेगर भुक्तानी भएको रकम बराबरको बील पेश गर्नुपर्नर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ न | भुक्तानी पाउने | योजनाको नाम | कार्य | परिमाण | एकाइ | संख्या | जिल्ला दररेटप्रति र मी without VAT and Transport | मु अ कर र ढुवानीसहित रकम | पेश भएको बील | नपुग बिल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४-२०८१/०९/०४ | वडा न २मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य उ स | वडा न २मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य प्रथम वील | 300 mm NP3 Hume pipe | १५ | Rm | ६ | ३६३०.० | ६६९७३.५ | ० | ६६९७४ |
| | | | १२०० mm NP3 Hume pipe | ५ | Rm | २ | १६७०० | १०२७०५.० | ० | १०२७०५ |
| जम्मा | | | | | | | | | | १६९६७९ |
| | | | | | | | | | प्रमाण पेश नगरेको | १,६९,६७९ |

५७ **पूजीगत खर्चबाट चालु प्रकृतिका खर्च-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरि खर्च गर्न वा खर्च गर्ने निकासा दिनु पर्ने उल्लेख छ।नगरपालिकाले देहाय अनुसारका खर्च गर्दा शिर्षक फरक पारी खर्च लेखेको पाईयो। यसरी शिर्षक फरक पारी खर्च लेख्ने परिपाटिमा सुधार गर्नु पर्ने देखिन्छ ।

| गो भौ न मिति | भुक्तानी पाउनेसंस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १०-२०८१/०६/२८ | उपेन्द्रप्रसाद साह कानु | वडान ७ मा युवाहरुकोलागि आय आर्जन मुलक तालिम | २९९०२० |
| १७-२०८१/०९/०५ | लालीगुराँसकृषक समुह | उन्नत जातको बीउ वितरण वडा न ६ | २९९००० |
| १८-२०८१/०९/०५ | श्रीराजदेवी कृषक समुह | उन्नत जातको बीउ वितरण वडा न ७ | १९९००० |
| १९-२०८१/०९/०५ | श्रीराजदेवी कृषक समुह | कृषकहरुलाइआधुनिक खेती सम्बन्धी अभिमुखिकरण तालिमकार्यक्रम | ४९९००० |
| २४-२०८१/०९/०७ | श्रीप्राथमिक विद्यालय डुमरीया सन्तपुर | सिक्षणसिकाइ अनुदान | २००००० |
| २६-२०८१/०९/०७ | रागनीटेन्ट हाउस | विजयपुरछठघाट ब्यवस्थापन खर्च वडा न ८ | १००००० |
| २७-२०८१/०९/०८ | लक्ष्मीट्रेडर्स | कार्यालयसम्बन्धि सामग्री | ८२५९६६ |
| ३१-२०८१/०९/१४ | महिलाजागरण समाज | बालबिवाह न्युनिकरण सम्बन्धी जनचेतनामुलक तालिम | ४००००० |
| ३३-२०८१/०९/१४ | हिमालीजनता माध्यामिक विद्यालय हिमालीबास | शिक्षककोतलब | ३००००० |
| ३४-२०८१/०९/१४ | अनारदेवी | वडान ५ मा धार्मिक सांस्कृतिक ब्यवस्थापन कार्य | ४५०००० |
| ३७-२०८१/०९/२१ | भ्यूएक्टिभ कन्सल्टेन्सि प्रा लि | वडान ७ मा महिलाहरुलाइ सिलाइ कटाइ तालिम | १२६००० |
| ३८-२०८१/०९/२२ | गणेशराय यादव | बैरगनियामा गढीमाइ मेला ब्यवस्थापन कार्य वडा न १ | २५०००० |
| ४३-२०८१/१०/१० | कास्मीकृषि तथा पोल्ट्रि प्रा लि ६१००९२४९ | वडान ९ मा विरुवा वितरण कार्य | ७००००० |
| ५५-२०८१/१०/२४ | राहुलफलफुल नर्सरी फार्म ६२०३२७०९७ | वडान ५मा विरुवा वितरण कार्य | ९७५१५ |
| ६२-२०८१/१०/३० | बिक्रान्तकुमार जयसवार | वडा न ६मा खेलकुद सामग्री खरिद कार्य | ९९४४० |
| ६४-२०८१/११/०१ | गजेन्द्रराय यादव | फतुवा पानीटंङ्की छठ पर्वमा घाट निर्माण कार्य | |
| ३६९-२०८२/०३/०३ | विभिन्न ११जना | आर्थिकसहयोग | १०२००० |
| ३७४-२०८२/०३/०४ | सहायकपाचौ गणेश राय यादव | खाना खाजाको विल पेश गरी पे फ गरेको। प्रेमलाल यादवको घर देखिबिर्जा रामको खेत सम्म मन्दिर देखि पोखरि मतोपुरी ग्रावेल तथा ढलान कार्य | १८५००० |
| ५१९-२०८२/०३/१४ | अभय एण्डआभ्या इन्टर प्राइजेज | वडा न १०को कार्यालय सन्चालन खर्च | १९५३७७ |
| ६५१-२०८२/०३/२५ | न्युइलेक्ट्रोनिक प्लाजा गौर | ट्र्याकसुटसुट खरिद ५९०@1490 | ९९३३८३ |
| ७२४-२०८२/०३/२५ | सुर्योदयकृषि सहकारी संसथा लिमिटेड | वडा न १०मा कृषि सहकारी संस्थालाइ जनचेतनामूलक कार्यक्रम | ७९९८९० |
| जम्मा | | | ७१२०५९१ |

५८ **बिद्युत पोल खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ। दररेट निर्धारण समितिको दररेट उपलब्ध

नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गर्नु पर्ने ब्यवस्था छ। पालिकाले तपसिल बमोजिमका सामग्री खरिद गर्दा जिल्ला दररेट भन्दा बढी दरमा खरिद गरी रु. १०९५७७३ बढी रकम भुक्तानी गरेको छ। जिल्ला दररेटले तोकेको भन्दा बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १०,९५,७७३ |
|---|---|

५९ **मेशिन प्रयोग गरी म्यानुअल भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । आर्थिक कर्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने ब्यवस्था छ । पालिकाले लक्ष्मिनिया बजार खानेपानी एण्ड सरसफाइ कार्यकोलागि माटो पुर्ने कामको लागि भवन विभागको दर बिश्लेषण अनुसार सि. नं. B2 नम्स 2(25 क) को आधारमा दर बिश्लेषण गरी प्रति घ.मि रु. ४१५ का दरले भुक्तानी दिएको छ। तर फोटोमा खन्ने कार्यमा डोजर प्रयोग भएको देखिन्छ। सो काम सडक विभागको नम्स Spec. cl. No: 905, Norms No. 9.1.I.B (Road way excavation in all type of soil by mechanical means) प्रयोग गरी दर बिश्लेषण गर्दा प्रति घन मिटर रु. ७०.७८ मात्र लाग्ने देखिन्छ। पालिकाले तपसिलमा उल्लेख भएको काम गर्दा मेशिन प्रयोग गरी म्यानुअल दर अनुसार भुक्तानी दिदा रु. १८००२७ बढी भुक्तानी गएको छ। नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| भौ न र मिति | भुक्तानी पाउने | योजनाको नाम | कार्य | परिमाण | एकाइ | भुक्तानी दर प्रतिघ मि | नर्म्स र जील्लादररेट अनुसा हुनुपर्ने दर | बढी भुक्तानीदर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २६२-२०८२/०२/१३ | लक्ष्मिनियाबजार खानेपानी एण्ड सरसफाइ उ स | लक्ष्मिनियाबजार खानेपानी एण्ड सरसफाइ | Spec. cl. No: 905, Norms No. 9.1.I.B (Road way excavation in all type of soil by mechanical means) | ५२३ | cum | ४१५ | ७०.८ | ३४४.२ | १८००२७ |

| असुल गर्नुपर्ने | १,८०,०२७ |
|---|---|

६० **नर्म्स विपरित भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले तपसिल बमोजिमको कार्य गराउदा सडक विभागको Norms For Rate Analysis Of Road and Bridge Works, 2075 प्रयोग गरी दर बिश्लेषण गरी लागत अनुमान बनाउदा दक्ष र अदक्ष कामदारको सङ्ख्या फरक परेको कारण लागत अनुमान र मूल्याङ्कन फरक परी भुक्तानीको दरमा फरक पर्न गएको देखिन्छ। नर्म्स भन्दा अन्यथा गरी दर बिश्लेषण गर्दा बढी भुक्तानी भएको रु. १७०९३७ असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १,७०,९३६.७४ |
|---|---|

६१ **रोयल्टी अशुली-** मधेश प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ अनुसूची-६ ले ढुङ्गा, गिट्टी / ग्राभेल र वालुवा लगायत नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रति घन मिटर रु.१५० देखी २०० तथा माटोको विक्रि तथा घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) रु. ७५ देखी १२५ का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ ।यस पालिका अन्तर्गत तपसिलका योजनाहरुमा उपभोक्ता समिति मार्फत निर्माणका कार्यहरु गर्दा प्रयोग भएका खानीजन्य वा नदीजन्य निर्माण सामग्रीहरुको ( ढुंगा, गिट्टी, बालुवा आदि ) सम्बन्धित स्थानीय तहमा रोयल्टी तिरेको प्रमाण पेश भएको नदेखिएकोले उक्त योजनाहरुमा प्रयोग भएका देहाय अनुसारका निर्माण सामग्रीहरुमा लाग्ने रोयल्टी र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेतले हुने रकम असुल गरी सम्बन्धित सरकारको राजश्व खाताहरुमा दाखिला गर्नुपर्ने देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ३,५९,८४४ |
|---|---|

६२ **न्यून बीजकीकरण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा लागत ईस्टिमेटमा सम्बन्धित नर्म्स र जिल्लादररेटको आधारमा मूल्याङ्कन गरी प्राविधिक बील बनाई सोही अनुसार उपभोक्ता समितिलाइ भुक्तानी गरेको तर खर्च पुष्टी गर्ने बिल बीजक परीक्षण गर्दा सिमेन्ट,छड तथा ईट्टाको प्राविधिक मूल्यङ्कन भन्दा घटी दर राखी परीमाण बढाई बीजक तयार गरी भुक्तानीका लागि पेश गरेको पाइयो। बीजकमा प्राविधिक मूल्यङ्कनमा भन्दा बढी परिमाणमा सामग्री खरिद भएको देखिएतापनि मू. अ. कर योग्य रकम भने मूल्यङ्कन भन्दा कमको पेश भएको तर मूल्यङ्कन अनुसारनै भुक्तानी भएको हुदा बढी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. १८९३७६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,३७६ |

६३ **ग्राभेल कार्यको अभिलेख-**

नगरपालिकाले बर्षेणी पालिकाभित्र ग्राभेल बिछ्याउने कार्य गरी लाखौँ भुक्तानी दिएको देखिन्छ। यो वर्ष पनि पालिकाले ग्राभेल हाल्ने कार्यको लागि भुक्तानी दिएको छ। यसरी वर्षैपिछे एउटै प्रकृतिको कार्य गराई भुक्तानी दिने गरेकोमा पालिकाद्वारा सो कार्यको व्यवस्थित अभिलेख र अनुगमन प्रतिवेदन प्रणाली राखेको छैन। एकैप्रकृतिको कार्य वर्षेणी गर्दा काममा दोहोरोपना पर्ने जोखिम रहन्छ। पालिकाले एउटै प्रकृतिको काम सम्पन्नको अभिलेख तयार गरी राख्ने र चालु वर्षमा ग्राभेल हाल्ने योजनाको विवरण बनाई कार्य थाल्नुपर्दछ। यसबाट काम भएकोमा आश्वस्त हुनुका साथै दोहोरो भुक्तानीको जोखिमलाई न्यून गर्न सकिन्छ।नगरपालिकाले चालु र गत वर्षको अधुरो भुक्तानी समेत ग्राभेल हाल्ने कार्यको लागि भुक्तानी दिएका केहि उदाहरणहरु यस प्रकार छनः

| भौ.नं.।मिति | योजना/उ.स.को नाम | कार्यपरिमाण | भुक्तानीदर | भुक्तानीरकम |
|---|---|---|---|---|
| ३।८१।।११।५ | रामदासी देखि सन्तपुर जाने वाटोमा सडक ढलान कार्य उस | १२।४० | १६९४ | २१००५ |
| ८।८१।१२।१७ | रमेशको घर देखि करोसर सम्म तथा राजुको बगैंचा देखि हजरी साहको घर सम्म सडक ढलान उस | ३२५।८२ | १६९४ | ५५१९३९ |
| ९।८२।३।२५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ३०१।१८ | १४९१ | ४४९०५९ |
| १०।८२।३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ६०१।।७७ | १६९४ | १०१९३९८ |
| ११।८२।३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ६६९ | १६९४ | ११३२२८६ |

६४ **उपभोक्ता समितिबाट भएका कार्य-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ ।स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको संख्या र समिति मार्फत भएका कार्यक्रमको अभिलेख राखेको पाइएन,

• हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

• उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको

पाइएन,

• कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

• उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।

• कार्यालयले पेश गरेको लागत अनुमान एवं प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकोले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्बन्धमा एकिन हुने आधार रहेन,

• अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ ।

उपर्युक्त कमिकमजोरी हटाई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्दछ।

६५ **प्राविधिक बिल र कार्य सम्पन्न-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिक मूल्यांकन, उपभोक्ताले पेश गरेको वील भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गरी कार्यालय समक्ष पेश गरी प्राविधिकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। यसका केही उदाहरणहरू यस प्रकार छन्

| भौ.नं.।मिति | उपभोक्तासमिति/योजनाकोनाम | लागतअनुमान | मूल्याङ्कनरकम |
|---|---|---|---|
| ३।८१।।११।५ | रामदासी देखि सन्तपुर जाने वाटोमा सडक ढलान कार्य उस | २५५३४६० | २५३३६४३ |
| ८।८१।१२।१७ | रमेशको घर देखि करोसर सम्म तथा राजुको बगैंचा देखि हजरी साहको घर सम्म सडक ढलान उस | ७१४९२६६ | ७१३१४५५ |
| ९।८२।३।२५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | २५५३६१९ | २५३७०९२ |
| १०।८२।३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | २५५६४८६ | २५४५२४० |
| ११।८२।३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | २५६०२३८ | २५४९८५० |

६६ **खरिद मुल्य भन्दा बढी दरमा भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापि कितावमा प्रमाणित भएको आधारमा भुक्तानी हुनु पर्ने व्यवस्था छ।जिल्ला दर रेटमा OPC सिमेन्टको को रु.६८५ ( मुल्य अभिवृद्धी कर बाहेक ) स्विकृत भएको अवस्थामा पालिकाबाट संचालनमा भएका निम्न योजनाहरुमा दर विश्लेषणमा OPC सिमेन्ट रु.६८५।(भ्याट समेत रु ७७४।०५) नै राखेको तर उपभोक्ता समितिले पेश गरेको विलमा ०PC सिमेन्टको रु ५०० देखि ६६०।प्रति बोराका दरले र डण्डी प्रति केजी रु.११५।का दरले राखेकोमा बिलमा ९५ देखि १०१ सम्ममा खरिद गरेको देखिन्छ ।दर बिष्लेषणमा कायम भएको दर भन्दा कम दरमा उपभोक्ता समितिले खरिद गरेको देखिएता पनि भुक्तानी गर्दा दर बिष्लेषणमा उल्लेखित दरमानै भुक्तानी भएको छ ।यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढि भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्यमानै भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।फरक परेका केहि उदाहरण निम्नानुसार रहेका छन ।

| भौ न. मिति | योजनाको नाम | भुक्तानी भएको दर | विलमा उलेखित दर | प्रयोग भएको सिमेन्ट बोरा तथा डण्डी | फरक दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ३।८१।। ११।५ | रामदासी देखि सन्तपुर जाने वाटोमा सडक ढलान कार्य उस | ७७४ | ७२३ avg | १४७० ब्याग | ५१ | १४९७० |
| ८।८१। १२।१७ | रमेशको घर देखि करोसर सम्म तथा राजुको बगैंचा देखि हजरी साहको घर सम्म सडक ढलान उस | ७७४ | ७१२ | ३६०० ब्याग | ६२ | २२३२०० |
| ९।८२। ३।२५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ७७४ | ६७८ | ३५० ब्याग | ९६ | ३३६०० |
| | | १२९।९५ | ९५।७६ | ३८५० केजी | ३४।१९ | १३१६३१ |
| १०।८२। ३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ७४४ | ६९६ | ३०० ब्याग | ४८ | १४४०० |
| | | १२९।९५ | ९८।४३ | ३४७७ केजी | ३१।५२ | १०९५९५ |
| ११।८२। ३।१५ | वोटवा जंगल हुँदै नदिमा जाने पैनिमा कल्भर्ट निर्माण उस | ७४४ | ७०० | १५५ ब्याग | ४४ | ६८२० |
| | | १२९।९५ | ९९।४४ | ३४०० केजी | ३०।५१ | १०३७३४ |
| जम्मा रु. | | | | | | ६३७९५० |

६७ **बिल भरपाई नभएको-**

भौचर नं २१।८२।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाणित कागजात संलग्न हुनुपर्ने उल्लेख गरेको छ ।पालिकाले पेश गरेको स्रेस्तासाथ गाडी मर्मत कार्यको रकम भुक्तानी गरेको उल्लेख छ ।उक्त खर्चलाई प्रमाणित गर्ने बिल भरपाई संलग्न नगरी खर्च गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितवाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,५९३ |

६८ **कार्य सम्पन्न गर्न बाकी-**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था छ ।पालिकावाट वडा नं १ देखि ९ सम्म बिभिन्न स्थानमा एच टी एल टि लाईन जडान कार्यकालागी कुल लागत अनुमान रु ४४५७७९२। स्वीकृत गरि बोलपत्र आव्हान गरी एक मात्र बोलपत्रदाता प्रिति कन्ट्रक्स संग ३२००३८६।० मुअकर समेत मिति २०८२।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ ।उक्त सम्झौता अनुसारको कार्य सम्पन्न गरी प्राविधिक

मुल्याँकन अनुसार रु ३११९०८६।० रकम भुक्तानी गरेको छ ।तर कार्य सम्पन्न गर्न बाकी रहेको भनी मिति २०८२।३।२६ मा राष्ट्रिय वाणीज्य बैंक श्रीपुर शाखामा रहेको निजको खातामा रहेको १५०५५७७।२० रोक्का राख्न अनुरोध गरेको देखिन्छ ।यसरी कार्यसम्पन्न भएको यकिन नगरी सम्पुर्ण रकम भुक्तानी गर्नु उपयूक्त नदेखिएकोले कार्यसम्पन्न नहुदै भुक्तानी दिनेलाई जिम्मेवार बनाई सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,०५,५७७.२ |

६९ **प्रशिक्षण भत्ता-**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०८१ को अनुसुची ११ बुँदा १९ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट संचालित अधिकृतस्तरको तालिमको लागि प्रशिक्षकको पारिश्रमिक कार्य पत्र वापत रु. १००० र कक्षा संचालन वापत रु. ६०० उपलव्ध गराउने तर सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्य पत्र वापतको पारिश्रमिक पाउने उल्लेख छ । कार्यालयले पालिकाको क्षेत्र भित्र संचालन भएको विभिन्न तालिम संचालन हुँदा प्रशिक्षकको पारिश्रमिक प्रति सेसन।दिन रु. १००० भुक्तानी दिनु पर्नेमा निर्देशिकामा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको निम्नानुसार रकम असुल गर्नुपर्ने रु.

| भौ नं र मिति | प्रशिक्षकको नाम | भुक्तानी भएको | भुक्तानी हुनु पर्ने | कक्षा संख्या | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| विद्यालय पोषण कार्यक्रम अनुगमन मुल्याँकन तथा क्षमता अभिवृद्दि कार्यक्रममा प्रशिक्षण गरेवापत पेश्की फर्स्यौट ज .स्वा. नि .श्री रमेश प्रसाद यादव | | | | | | |
| ४७।८२।९।९ | प्रशिक्षक श्री रमेश प्रसाद यादव | ३४००० | १००० | १० | २४००० | |
| | प्रशिक्षक श्री रमेश प्रसाद यादव | २०००० | १००० | १२ | ८००० | |
| **जम्मा रु.** | | | | | ३२००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,००० |

७० **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने,शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं ११.१.२.२९८० मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।नमुना विद्यालय विशेष अनुदान कार्यक्रमका लागि पालिकावाट श्री माध्यामिक विद्यालय दुधिअवालाई रु. एक करोड निकासा भएको छ । तर विद्यालयले निर्माणसँग सम्बन्धि कार्य सम्पन्न गरी सो सम्बन्धित कागजात पालिकामा पेश गरेको छैन। नियमानुसार कार्य सम्पन्न भए नभएको अनुगमन गरी बिद्यालय ब्यवस्थापन समितिवाट स्वीकृत निर्माणकार्य सम्पन्न प्रतिवेन र प्रबिधिक मुल्याँकन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

७१ **प्रमाण पेश नभएको-**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादन र दररेटको आधारमा आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।तर पालिका वाट निम्नानुसारको भौचर साथ प्रमाण कागजात संलग्न नगरी

गोश्वारा भौचरवाट रकम भुक्तानी गरेको देखिएकाले यसरी भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ,साथै खर्च रकम एकिन गर्न नसिकएकाले सो को प्रमाण पेश गर्नुपर्ने रु

| सिनं | भौचर नं मिति | योजनाको नाम | फर्म तथा संस्था | भुक्तानि रकम |
|---|---|---|---|---|
| १ | १५।८२।३।२२ | कम्प्युटर तथा अन्य मेशिनरी सामान मर्मत कार्य | नखुलेको | ९८३५० |
| २ | १७।८२।३।२५ | नगरस्तरीय योजना सम्पन्न भई पेश्की फर्स्यौट | नखुलेको | २००९९९४ |
| ३ | १८।८२।३।२५ | औषधी आपुर्ति | नखुलेको | ९९००१४ |
| ४ | १९।८२।३।२५ | पशु औषधि आपुर्ती | नखुलेको | ९९२४२० |
| | | | | ४०९०७७८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,९०,७७८ |

७२ **स्थानीय तह स्वास्थ्य तर्फ-**

७२.१ **न्यानो झोला वितरण कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतको १ वटा बर्थिङ सेन्टरमा यसवर्ष भौचर नं ३७०। २०८२।०३।२५ वाट ४३४ थान को प्रति थान रु १०३९।४० का दरले रु ३९९२००.० मा खरिद गरेको देखिन्छ ।यस वर्ष लक्ष्मिमिया स्वास्थ्य चौकीमा १९० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ ।यसर्थ पालिकाको भण्डारमा खरिद गरिएका २४४ थान प्रती १०३९।४० मुअकर सहितको दरले हुने रु २५३६१४।० मुअकर समेत न्यानो झोला मौज्दातमा रहेको देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।तसर्थ विगतको मौज्दात, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। आगामी वर्षमा न्यानो झोला खरिद गर्नुपुर्व मौज्दातमा रहेका न्यानो झोला प्रयोग गर्नुपर्दछ। यसरी विगतको मौज्दात र आवस्यकताको बस्तुनिष्ट आँकलन नगरी अनाबस्यक रुपमा मौज्जातमा रहने गरी खरिद गरेको उपयूक्त देखिएन ।

७२.२ **अग्रिम कर कट्टी-** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ ।दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा रोयल्टी सेवा शुल्क विक्रि कमिशन बोनस अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था छ। पालिकावाट आमा सुरक्षा तथा मातृशिसु प्रसुती कार्क्रम संचालन निर्देशिका २०८१।८२ अनुसार वर्थीङ्ग सेन्टरमा प्रसुती गराएका प्रतिकेस रु २५००।स्वास्थ्य संस्था संचालन खर्च र प्रति ब्यक्ति रु १०००।० का दरले यातायात खर्च उपलब्ध गराउने र रात्री सेवा तथा सट्टा बिदा समेतको भत्ता दिन सकिने ब्यवस्था रहेको छ साथै संस्थालाई उपलब्ध गराएको रु २५००।० मध्ये रु ३००।० स्वास्थ्यकर्मीलाई र रु २२००।० स्वास्थ्य सामाग्री खरिदमा खर्च हुने ब्यवस्था छ ।तर पालिकाले निम्नानुसार स्वास्थय कर्मीलाई प्रदान गरेको भत्ता रकममा ऐनअनुसार करकट्टी गरेको देखिएन । ऐन अनुसार कर कट्टी गर्न छुट भएको अग्रिम आयकर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने देखिएको रु.

| भौचर नं मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कर रकम | करकट्टी रकम | कर छुट रकम |
|---|---|---|---|---|---|---|
| १५८।८२।२।७ | लक्ष्मिमिया स्व चौकी रात्रीसेवा | सिअनमि राधिका कुमारी चौधरी समेत ४ जना | ९४९५० | १४२४२ | ६१९२ | १४२९० |
| | लक्ष्मिमिया स्व चौकी ८० जना प्रसुती सेवा दिए वापत | सिअनमि राधिका कुमारी चौधरी समेत ३ जना | २४००० | ३६०० | | |
| | लक्ष्मिमिया स्व चौकी औषधी तथा औषधि जन्य सामाग्री खरिद | विरेन्द्र फर्मा समेत लक्ष्मिमिया स्व चौकी | १७६००० | २६४० | | |
| १६०।८२।२।७ | सट्टा बिदा वापत | सिअहेव श्री बिरेन्द्र झा प्रमोद कुशवाह समेत ८ जना | ६६०१७९ | ९९०२६ | ० | ९९०२६ |
| ३४६।८२।३।२४ | सट्टा बिदा वापत | सिअहेव श्री बिरेन्द्र झा प्रमोद कुशवाह समेत ७ जना | ११७३०० | १७५९५ | | १७५९५ |
| | रात्रीसेवा प्रदान गरेवापत | सिअनमी श्री राधिका कुमारी चौधरीमहिमा समेत ३ जना | १२२५० | १८३७ | | १८३७ |
| १३०।८१।९।१ | रात्रीसेवा प्रदान गरेवापत | सिअनमी श्री राधिका कुमारी चौधरीमहिमा समेत ४जना | ७९९०० | ११९८५ | | ११९८५ |
| | सट्टा बिदा वापत | सिअहेव प्रमोद कुमार कुशहवा | ५६६६२४ | ८४९९४ | | ८४९९४ |
| | लक्ष्मिमिया स्व चौकी ९० जना प्रसुती सेवा दिए वापत | सिअनमि राधिका कुमारी चौधरी समेत ३जना | २७००० | ४०५० | | ४०५० |
| | लक्ष्मिमिया स्व चौकी औषधी तथा औषधि जन्य सामाग्री खरिद | डाल्फीन फर्मा समेत लक्ष्मिमिया स्व चौकी | १९८००० | २९७० | | २९७० |
| | | | | | | २३६७४७ |

| प्रमाण पेश नगरेको | २,३६,७४७ |
|---|---|

७२.३ **बिलभरपाई नपुग भएको-** भौचर नं ४७।८२।९।९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाणित कागजात संलग्न हुनुपर्ने उल्लेख गरेको छ। पालिकाले पेश गरेको स्रेस्तासाथ विद्यालय पोषण कार्यक्रम अनुगमन मुल्याँकन तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन वापत ज .स्वा. नि .श्री रमेश प्रसाद यादवलाई दिएको पेश्की रु १४९४०००।०फर्स्योट गर्दा निजलेले पेश गरेको बिलभरपाई जोड जम्मा रु १४७४६४६।मात्र सलग्न भई रु १९३५४ नपुग देखियो ।उक्त खर्चलाई प्रमाणित गर्ने बिल भरपाई संलग्न नगरी खर्च गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितवाट असुल हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १९,३५४ |
|---|---|

७२.४ **बिल भरपाई नभएको-** भौचर नं ४०१।८२।३।३० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाणित कागजात संलगुन हुनुपर्ने, ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक बिल भरपाई र प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकावाट ज स्वा नि रमेश प्रसाद यादवले पूर्णखोप, पोषण तथा न्युनसेवा मापदण्ड कार्यक्रममा रु ८२७०००। पेश्की फर्स्योट गर्दा

पुर्णखोप कार्यक्रममा रु ३४८०००।० खर्च लेखेकोमा संलग्न बिल भरपाई रु २६९२००।०को मात्र र भिटामिन ए र जुकाको औषधि वितरण कार्यक्रममा रु ३४४०००।० खर्च लेखेकोमा विल भरपाई ३७७२००। मात्र देखिन्छ । यसरी दुई कार्यक्रममा नियमानुसार नपुग रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,६०० |

७२.५ **प्रशिक्षक भत्ता-** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०८१ को अनुसुची ११ बुँदा १९ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट संचालित अधिकृतस्तरको तालिमको लागि प्रशिक्षकको पारिश्रमिक कार्य पत्र वापत रु. १००० र कक्षा संचालन वापत रु. ६०० उपलव्ध गराउने तर सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्य पत्र वापतको पारिश्रमिक पाउने उल्लेख छ । कार्यालयले पालिकाको क्षेत्र भित्र संचालन भएको विभिन्न तालिम संचालन हुँदा प्रशिक्षकको पारिश्रमिक प्रति सेसन।दिन रु. १६०० भुक्तानी दिनु पर्नेमा निर्देशिकामा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको निम्नानुसार रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,२०० |

७२.६ **औषधि खरिद-** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., WHO GMP Certify Company बाट उत्पादन भएको हुनुपर्ने, उत्पादक कम्पनीको नाम, र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। पालिकाले औषधी खरिद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ वमोजिम लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुरुप लागत अनुमान तयार गरेको देखिएन । लागत अनुमान तयार गर्दा खरिद भएका औषधिको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधि) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । त्यसैगरी ELMIS Software प्रविष्ट गरी अभिलेख व्यवस्थापन गर्नुपर्नेमा सोझै म्यानुल दाखिला गरेको छ भने भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्नमा खुलाएको छैन । यसवर्ष पालिकाले शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा देहाय बमोजिम विभिन्न आपुर्तिकर्तालाई भुक्तानी दिएको छ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत स्पष्ट खुलेन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो. भौ . नं ./मिति | भुक्तानी पाउने | भुक्तानी रु |
|---|---|---|
| ९४।८१।११।२१ | विजय मेडिसिन सप्लायर्स ११२६८५२६३ नपा चालु समेत | १९३४२१० |
| ५५०।८२।२।२० | विजय मेडिसिन सप्लायर्स ११२६८५२६३ | ४१५५१७५ |
| जम्मा | | ४२४८५८५ |

उपरोक्त अनुसार खरिद गरीएका औषधी तथा औषधीजन्य सामाग्री मध्ये मौज्जात विवरण परिमाण मुल्य र म्याद समाप्त हुने मिति समेत खुलाई साख्ने ब्यवस्था हुनुपर्दछ ।

७२.७ **फोहरमैला व्यवस्थापन-** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : फतुवा बिजयपुर नगरपालिका, रौतहट , फतुवा विजयपुर नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रधान | २०८१-२-३१ | २०८१-४-२७ |
| कार्यालय प्रमुख | प्रमोद कुमार गुप्ता | २०८१-४-२८ | २०८१-९-२३ |
| कार्यालय प्रमुख | भरत प्रसाद यादव | २०८१-९-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कामेश्वर सहनी | २०८१-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,०९५,६९२.४५ | ९,५३३,९३४ | ७४,३३८,८६९.०५ | ० | ० | ६,५००,७७५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९६,४६९,२७०.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९६,४६९,२७०.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७३८५६२७१.१३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३१४२८५६० | चालु खर्च | ३४६६००५००.७७ |
| प्रदेश सरकारबाट अनुदान | ३५४५४७०६ | पूँजीगत खर्च | २०२०६२२५७.६२ |
| राजश्व बाँडफाँट | ९९०३५८३९.४९ | वित्तीय/अन्य व्यवस्था | १४४२१७३५४ |
| आन्तरिक आय | ३६०३२८१६.१३ | | |
| अन्य आय | १३६१५५६६१.२५ | | |
| कुल आय | ६३८१०७५८२.८७ | कुल खर्च | ६९२८८०११२.३९ |
| बाँकी मौज्दात | | ११९०८३७४१.६१ | |

## अनुसूची - २

## बेरूजु दफा २.८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति रभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./आर्थिकसङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १२,४९,२१,५७८.५५ | १२,४९,२१,५७८.५५ | ६,४५,०५,७१८.६५ | ६,४५,०५,७१८.६५ |
| १३००० | अनुदान | ३५,९७,३८,०४८.२५ | ३५,९७,३८,०४८.२५ | २०,५४,३७,७२८.९५ | २०,५४,३७,७२८.९५ |
| १४००० | अन्य राजस्व | ९,४८,४९६.५६ | ९,४८,४९६.५६ | ४४,११,६२३.७९ | ४४,११,६२३.७९ |
| क | कुल जम्मा प्राप्ति | ४८,५६,०८,१२३.३६ | ४८,५६,०८,१२३.३६ | २७,४३,५५,०७१.३९ | २७,४३,५५,०७१.३९ |
| ३ | चालु | ३४,६६,००,५००.७७ | ३४,६६,००,५००.७७ | २५,२५,७४,१७९.९२ | २५,२५,७४,१७९.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | १४,६५,२४,५४६.४६ | १४,६५,२४,५४६.४६ | १२,५३,६७,४१८.२५ | १२,५३,६७,४१८.२५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १७,९१,७०,६५९.७२ | १७,९१,७०,६५९.७२ | १०,१९,१६,५००.६७ | १०,१९,१६,५००.६७ |
| २५००० | सहायता (Subsidy) | ३६,९९,६३७.१० | ३६,९९,६३७.१० | ० | ० |
| २६००० | अनुदान | ० | ० | २,०८,४३,०७४.०० | २,०८,४३,०७४.०० |
| २७००० | सामाजिक सुरक्षा | ९६,२५,६८४.३० | ९६,२५,६८४.३० | १९,४६,०००.०० | १९,४६,०००.०० |
| २८००० | अन्य खर्च | ७५,७९,९७३.१९ | ७५,७९,९७३.१९ | २५,०१,१८७.०० | २५,०१,१८७.०० |
| ४ | पूंजीगत | २०,२१,७६,८०४.७५ | २०,२१,७६,८०४.७५ | १,९६,८२,८७७.०० | १,९६,८२,८७७.०० |
| ३१११० | भवन तथा संरचना | २,८४,७८,२६२.५९ | २,८४,७८,२६२.५९ | ० | ० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,५०,४२,१५१.२५ | १,५०,४२,१५१.२५ | २४,५५,७९९.०० | २४,५५,७९९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २३,१८,५६७.०० | २३,१८,५६७.०० | १,९९,६७१.०० | १,९९,६७१.०० |
| ३११५० | सार्वजनिक निर्माण | १४,४७,२६,०९६.२० | १४,४७,२६,०९६.२० | १,७०,२७,४०७.०० | १,७०,२७,४०७.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १८,७९,०९५.०० | १८,७९,०९५.०० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | २६,२८,५६६.३५ | २६,२८,५६६.३५ | ० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ७१,०४,०६६.३६ | ७१,०४,०६६.३६ | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ५४,८७,७७,३०५.५२ | ५४,८७,७७,३०५.५२ | २७,२२,५७,०५६.९२ | २७,२२,५७,०५६.९२ |
| ग) | बचत /कमी (ग = क-ख ) | (६,३१,६९,१८२.१६) | (६,३१,६९,१८२.१६) | २०,९८,०१४.४७ | २०,९८,०१४.४७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (५,६०,५४१.००) | (५,६०,५४१.००) | २८,३४,१५७.०८ | २८,३४,१५७.०८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (२०,७७,२०७.९६) | (२०,७७,२०७.९६) | (११,५६,५६८.३५) | (११,५६,५६८.३५) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (६,३७,२९,७२३.१६) | (६,३७,२९,७२३.१६) | ४९,३२,१७१.५५ | ४९,३२,१७१.५५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,३०,८०,७०२.६७ | ७,३०,८०,७०२.६७ | ६,८१,४८,५३१.१२ | ६,८१,४८,५३१.१२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ९३,५०,९७९.५१ | ९३,५०,९७९.५१ | ७,३०,८०,७०२.६७ | ७,३०,८०,७०२.६७ |

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौ. नं./ मिति | भुक्तानी पाउने | कार्यक्रम | नर्म्स | भुक्तानीहुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३५१। ०८१। १२।१२ | रामधिन यादव | जनचेतनामूलक सिपमूलक कार्यक्रम | १८०० | २१,६०० | ६०,००० | ३८,४०० | प्रशिक्षक भत्ता प्रति सेसन ५००० दिएको । |
| | सुधिर कुमार यादव | जनचेतनामूलक सिपमूलक कार्यक्रम | १५०० | ४,५०० | ६,००० | १,५०० | संयोजक भत्ता २००० का दरले भुक्तानी गरेको । |
| | सुधिर कुमार यादव | जनचेतनामूलक सिपमूलक कार्यक्रम | ३०० | ४४,१०० | ४९,००० | ४,९०० | कार्य संचालन निर्देशिका अनुसार प्रतिदिन ३०० का दरले ३ दिनकोयातायात खर्च वापत ९०० भुक्तानी गर्नुपर्नेमा १००० भुक्तानी गरेको । |
| २२२। ०८२। ०२।०७ | हिरालालमहतो | बालविवाह रोकथाम कार्यक्रम | १८०० | १६,२०० | १८,००० | १,८०० | प्रशिक्षक भत्ता प्रति सेसन २००० दिएको । |
| २२४। ०८२। ०२।०७ | हिरालालमहतो | महिलाहिँसा विरुद्धको तालिम | १८०० | १६,२०० | १८,००० | १,८०० | प्रशिक्षक भत्ता प्रति सेसन २००० दिएको । |
| ६५६। ०८२। ०३।०४ | उपेन्द्रप्रसाद साह कानु पेश्की फछ्यौट | जनचेतनामूलकतालिम | १८०० | ७,२०० | १२,००० | ४,८०० | प्रशिक्षक भत्ता प्रति सेसन ३००० दिएको । |
| ६४७। ०८२। ०३।०३ | सुनौलोभविष्य नेपाल | बालविवाहरोकथाम कार्यक्रम | १८०० | ५,४०० | ७,५०० | २,१०० | प्रशिक्षक भत्ता प्रति सेसन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | २५०० दिएको । |
| ७०१। ०८२। ०३।११ | सुहानासिप तथा ब्यवसायिक सिप विकास तालिम केन्द्र | सिपमूलककार्यक्रम | १८०० | २७,००० | ११२,५०० | ८५,५०० | १५ सेसनको प्रति सेसन ७५०० को दरले प्रशिक्षक भत्ता दिएको । |
| | सुहानासिप तथा ब्यवसायिक सिप विकास तालिम केन्द्र | सिपमूलककार्यक्रम | १८०० | २,७०० | ७५,००० | ४८,००० | १६ सेसनको प्रति सेसन ५००० को दरले प्रशिक्षक भत्ता दिएको । |
| ७९१। ०८२। ०३।२५ | मिलनसारमल्टि प्रपोज ट्रेनिङ ईन्सिच्यूट | बालविवाहरोकथाम कार्यक्रम | १८०० | ९,००० | १५,००० | ६,००० | ६ सेसनको प्रतिसेसन २५०० को दरले प्रशिक्षक दिएको । |
| जम्मा | | | | | | १९४,८०० | |

## बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| भौ. नं./मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कार्यक्रम | कुल भुक्तानी | नर्म्स | कट्टा गरेको अ आय कर | १५% बापत |
|---|---|---|---|---|---|---|---|
| १०।०८१।०८।२६ | उपेन्द्र साह कानू | २९९०२० | आयआर्जनमूलक तालिम वापतको तालिम | २९९०२० | मुअ कर मा दर्ता नभएको | २४,९७५ | १९,८७८ |
| १९।०८१।०९।०५ | श्री राजदेवीकृषक समूह | ४९९००० | कृषकहरुलाईआधुनिक खेती सम्बन्धि अभिमुखिकरण तालिम | ४९९००० | मुअ कर मा दर्ता नभएको | १७,२७७ | ७४,८५० |
| 31।०८१।०९।१४ | महिलाजागरण समाज | ४००००० | बालबिबाहजनचेनामूलक कार्यक्रम | ४००००० | मुअ कर मा दर्ता नभएको | १४,४०० | ६०,००० |
| ५९५।०८२।०२।२७ | बज्जिका विकासकेन्द्र | ४२७१४० | जनचेतनामूलक कार्यक्रम | ४२१४७० | मुअ कर मा दर्ता नभएको | ५,६७० | ५६,७०० |
| ३९७।०८२।०३।०९ | गरवि न्यूनिकरण तथा जनकल्याण नेपाल | १९९९५५ | | | मू अ कर मा दर्ता नभएको | २९९९३ | ५२२७९ |
| जम्मा रकम रु.. | | | | | | | |

| भौचर नं/मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कर | दाखिला गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| २८।०८१।०७।१३ | मुकेश कुमार साह | ६०००० | ९००० | ९००० | नगर सभामा उपस्थित पत्रकारलाई १००० का दरले भत्ता दिई कर कट्टी नगरेको |
| | | ३७००० | ५५५० | ५५५० | ईलाका प्रहरी कार्यालय लक्ष्मीनियाका प्रहरीहरुलाई भत्ता बुझाएकोमा कर कट्टी नगरेको। |
| | कन्यैया साउण्ड एण्ड टेन्ट | ३२००० | ३२०० | ३२०० | नगर सभामा साउण्ड र टेन्ट भाडा लिए वापत बहाल कर कट्टी नगरेको । |
| ८५।०८१।०८।१२ | राम विश्वास कुमार राम | ७५६००० | ७५६०० | ७५६०० | पालिकाले गत वर्षको भुक्तानी हुन बाँकी गाडी भाडा वापतको रकम भुक्तानी गर्दा नियमानुसार बहाल कर कट्टी गरी दाखिला नगरेको । |
| ८०।०८१।०८।०५ | महमद कैशन देवान | ८४०००० | ८४००० | ८४००० | पालिकाले गत वर्षको भुक्तानी हुन बाँकी गाडी भाडा वापतको रकम भुक्तानी गर्दा नियमानुसार बहाल कर कट्टी गरी दाखिला नगरेको । |
| ३६।०८१।०९।२९ | दिननाथ प्रसाद निराला | ९२६५० | ९२६५ | ९२६५ | दुर्गा पूजाको लागि साउण्ड सिस्टम भाडामा लिएवापत लाग्ने बहाल कर दाखिला गर्नुपर्ने |
| | कन्यैया साउण्ड एण्ड टेन्ट | ५९७०० | ५९७० | ५९७० | गढीमाई मेला व्यवस्थापनको लागि साउण्ड सिस्टम भाडामा लिएवापतको भाडा कर |
| ३४।०८१।०९।१४ | कुशवाह टेन्ट हाउस | ३१२९७५ | ३१२९७ | ३१२९७ | विजयपुर नगरपालिकाको वडा नं ५ मा धार्मिक कार्यक्रम मा टेन्ट र साउण्ड भाडामा लिए वापत |
| ३८।०८१।०९।२२ | न्यू यादव म्यूजिकल ड्रामा डास एण्ड रेकर्डिङ स्कुल | १६०००० | १६००० | १६००० | पालिकाले वडा नं २ मा गढीमाई मेलाको व्यवस्थापनको लागि टेन्ट भाडामा लिई भरपाई गरी रकम भुक्तानी दिएकोमा नियमानुसार लाग्ने बहाल कर कट्टी नगरेको । |
| ४९५।०८२।०२।०२ | न्यू श्री संकर स्टेशनरी स्टोर | २९८३०० | ४४४७५ | ४४४७५ | पालिकाले २०८१।१२।१९ मा १५ थान टुक्रा बिजक जारी गर्ने न्यू शंकर स्टेशनरी स्टोरलाई रकम भुक्तानी गर्दा कर कट्टी नगरेको |
| ६५८।०८२।०३।०४ | तेज नारायण प्रसाद यादवको पेश्की फछ्यौट | १०६००० | १५९०० | १५९०० | पालिकाले १ देखि कक्षा १० सम्मको प्रश्नपत्र निर्माण गरेवाप १६ जना शिक्षकलाई प्रश्न पत्र निर्माण वापत भुक्तानी गरे वापत कर कट्टी नगरेको । |
| | तेज नारायण प्रसाद यादवको पेश्की फछ्यौट | ८२५०० | १२३७५ | १२३७५ | पालिकाबाट बार्षिक र अर्धवार्षिक परीक्षाको अनुगमन वापतको भत्तामा कर कट्टी नगरेको । |
| | तेज नारायण प्रसाद यादवको पेश्की फछ्यौट | ५५००० | ५५०० | ५५०० | पालिकाबाट बार्षिक र अर्धवार्षिक परीक्षाको अनुगमन कार्यमा बा १५ च ८०५१ को सवारी ११ दिन भाडामा लिई भाडा भुक्तानी गर्दा निमानुसार बहाल कर कट्टी नगरेको । |
| ७२०।०८२।०३।१३ | न्यू श्री संकर स्टेशनरी स्टोर | ७९४५० | ११९१७ | ११९१७ | पालिकाले २०८१।१२।१९ मा ४ थान टुक्रा बिजक जारी गर्ने न्यू शंकर स्टेशनरी स्टोरलाई रकम भुक्तानी गर्दा कर कट्टी नगरेको |

## बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -७

| भौ न | भुक्तानीपाउने | योजनाकोनाम | कार्य | प्रयोगभएको सामग्री | परिमाण | एकाइ | भुक्तानीदर प्रति घ मि | नर्म्सर जील्ला दररेट अनुसा हुनुपर्ने दर | वढीभुक्तानी दर | वढीभुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६-२०८१/१०/१३ | फतुवा डुमरीया रामदाशी सडक ढलान कार्य उ स | फतुवा डुमरीया रामदाशी सडक ढलान कार्य | pcc M15(321.85 cum) | aggregate 40mm | १७४ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १३३२८० |
| | | | | aggregate 20mm | ८७ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ९७४८० |
| | | | | aggregate 10mm | २९ | $m^3$ | ५७३२ | २९०० | २८३२ | ८२०२० |
| | | | | coarse sand | १४५ | $m^3$ | २४१४ | २३०० | ११४ | १६५१५ |
| | | | | पानी | ३२२ | | ११५ | २७ | ८८ | २८३२३ |
| ६५-२०८१/११/०५ | वडा न ८ र ९ विभिन्न ठाउमा ढलान कार्य उ स | वडा न ८ र ९ विभिन्न ठाउमा ढलान कार्य | pcc M15(328.73 cum) | aggregate 40mm | १७७ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १३५८२६ |
| | | | | aggregate 20mm | ८९ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ९९३४३ |
| | | | | aggregate 10mm | ३० | $m^3$ | ५७३२ | २९०० | २८३२ | ८३५८८ |
| | | | | coarse sand | १४८ | $m^3$ | २४१४ | २३०० | ११४ | १६८३१ |
| | | | | पानी | ३२८ | | ११५ | २७ | ८८ | २८८६४ |
| १४६-२०८२/०१/०७ | सुगलानबैठाको घर देखी भो पा घ स स ढ कार्य उ स | सुगलानबैठाको घर देखि भोला पासवान को घर सम्म सडक ढलान कार्य वडा न ३ | pcc M15(79.44 cum) | aggregate 40mm | ४३ | $m^3$ | ३१६७ | २४०० | ७६७ | ३२८९६ |
| | | | | aggregate 20mm | २१ | $m^3$ | ४०२२ | २९०० | ११२२ | २४०६० |
| | | | | coarse sand | ७ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | २४५३४ |
| | | | | पानी | ७९ | | ११५ | २७ | ८८ | ६९९१ |
| १४९-२०८२/०१/१४ | खैराटोलमा सडक ढलान कार्य उ स फतुवा विजयपुरन पा ९ | वडा न ९खैरा टोलमा सडक ढलान कार्य | pcc M15(31.20 cum) | aggregate 40mm | १७ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १२९२० |
| | | | | aggregate 20mm | ८ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ९४५० |
| | | | | coarse sand | ३ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | ९६३६ |
| | | | | पानी | ३१ | | ११५ | २७ | ८८ | २७४६ |
| १७८-२०८२/०१/२५ | वडा न ५को बिभिन्न सडकमा सडक ढलान कार्य उ स | वडा न ५को बिभिन्न सडकमा सडक ढलान कार्य | pcc M15(280 cum) | aggregate 40mm | १५१ | $m^3$ | ३१६७ | २४०० | ७६७ | ११५९४९ |
| | | | | aggregate 20mm | ७६ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ८४८०५ |
| | | | | coarse sand | २५ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | ८६४७५ |
| | | | | पानी | २८० | | ११५ | २७ | ८८ | २४६४० |
| २५९-२०८२/०२/१३ | प्रभुकोघर नजिक ग्राभेल तथा ढलान कार्य उ स | प्रभुकोघर नजिक ग्राभेल तथा ढलान कार्य | pcc M15(48.80 cum) | aggregate 40mm | २६ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १९८७७ |
| | | | | aggregate 20mm | १३ | $m^3$ | ४०२२ | २९०० | ११२२ | १४५३८ |
| | | | | coarse sand | ४ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | १४८२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पानी | ४८ | | ११५ | २७ | ८८ | ४२२४ |
| २६१-२०८२/०२/१३ | वडा न ४मा पुल देखि रामप्रसादको घर सम्म ढलान उ स | वडा न ४मा पुल देखि रामप्रसादको घर सम्म ढलान उ स | pcc M15(78.80 cum) | aggregate 40mm | ४२ | $m^3$ | ३१६७ | २४०० | ७६७ | ३२३०० |
| | | | | aggregate 20mm | २१ | $m^3$ | ४०२२ | २९०० | ११२२ | २३६२४ |
| | | | | coarse sand | ७ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | २४०९० |
| | | | | पानी | ७८ | | ११५ | २७ | ८८ | ६८६४ |
| २७१-२०८२/०२/१९ | डुमरियाकोविभिन्न ठाउमा सडक ढलान कार्य उ स | डुमरियाकोविभिन्न ठाउमा सडक ढलान कार्य | pcc M15(42.25 cum) | aggregate 40mm | २३ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १७३९२ |
| | | | | aggregate 20mm | ११ | $m^3$ | ४०२२ | २९०० | ११२२ | १२७२१ |
| | | | | coarse sand | ४ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | १२९७१ |
| | | | | पानी | ४२ | | ११५ | २७ | ८८ | ३६९६ |
| ३०७-२०८२/०२/२२ | गनिजाकोघर देखि मिर हसनको घर सम्म ढलान कार्य उ स | गनिजाको घर देखि मिर हसनको घर सम्म ढलान कार्य | pcc M15(55.07 cum) | aggregate 40mm | ३० | $m^3$ | ३१६७ | २४०० | ७६७ | २२७७६ |
| | | | | aggregate 20mm | १५ | $m^3$ | ४०२२ | २९०० | ११२२ | १६६५८ |
| | | | | coarse sand | ५ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | १६९८६ |
| | | | | पानी | ५५ | | ११५ | २७ | ८८ | ४८४० |
| ३९०-२०८२/०३/०७ | वडा न ६ लक्ष्मणको घर देखि फर्म सम्म माटोपुरीग्राभेल तथा ढलान गर्ने कार्य उ स | वडा न ६ लक्ष्मणको घर देखि फर्म सम्म माटोपुरीग्राभेल तथा ढलान गर्ने कार्य | pcc M15(54.32 cum) | aggregate 40mm | २९ | $m^3$ | ३१६७ | २४०० | ७६७ | २२३६२ |
| | | | | aggregate 20mm | १५ | $m^3$ | ४०२२ | २९०० | ११२२ | १६३५५ |
| | | | | coarse sand | ५ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | १६६७७ |
| | | | | पानी | ५४ | | ११५ | २७ | ८८ | ४७५२ |
| ५४०-२०८२/०३/२३ | कृषि बाटो ढलान तथा ह्युम पाइप जडान कार्य उ स | कृषि बाटो ढलान तथा ह्युम पाइप जडान कार्य वडा न ८ | pcc M15(65.18 cum) | aggregate 40mm | ३५ | $m^3$ | ३१६७ | २४०० | ७६७ | २६९९१ |
| | | | | aggregate 20mm | १८ | $m^3$ | ४०२२ | २९०० | ११२२ | १९७४१ |
| | | | | coarse sand | ६ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | २०१३० |
| | | | | पानी | ६५ | | ११५ | २७ | ८८ | ५७३६ |
| ५४४-२०८२/०३/२३ | वडा न ९मा वडा भरी कृषि बाटो निर्माण तथा बाटो ढलान कार्य उ स | वडा न ९मा वडा भरी कृषि बाटो निर्माण तथा बाटो ढलान कार्य | pcc M15(29.06 cum) | aggregate 40mm | १६ | $m^3$ | ३१६७ | २४०० | ७६७ | १२००९ |
| | | | | aggregate 20mm | ८ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ८७८३ |
| | | | | coarse sand | ३ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | ८९५६ |
| | | | | पानी | २९ | | ११५ | २७ | ८८ | २५५२ |
| ६४१-२०८२/०३/२५ | छठी घाटसितलपुरमा निर्माण उ स | छठी घाटसितलपुरमा निर्माण | pcc M15(119.7 cum) | aggregate 40mm | ६५ | $m^3$ | ३१६७ | २४०० | ७६७ | ४९५६८ |
| | | | | aggregate 20mm | ३२ | $m^3$ | ४०२२ | २९०० | ११२२ | ३६२५४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | coarse sand | ११ | $m^3$ | ५७३२ | २३०० | ३४३२ | ३६९६८ |
| | | | | पानी | १२० | | ११५ | २७ | ८८ | १०५३४ |
| जम्मा | | | | | | | | | | १७०३९२५ |

## बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -८

| गोभौ र मिति | उपभोक्ता समितिको नाम | योजना/ कामको विवरण | फर्मको नाम | सामग्री | परिमाण | जिल्लादररेट | | बिलअनुसा | | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर | रकम | दर | रकम | | |
| ६२२-२०८२/०३/२४ | वडा नं. १ मा विधुतीकरणको लागि पोल तार खरिद कार्य उ स | वडा नं. १ मा विधुतीकरणको लागि पोल तार खरिद कार्य | गढीमाइ आर एम सि ह्युमपाइप पोल एण्ड कंक्रिट उद्योग १२२५२८४८६ | ९ मी बिधुत पोल | ९५ | ७७०० | ७३१५०० | ११००० | १०४५००० | ३१३५०० | काम गरेको फोटो नभएको दाखिला नभएको कुन ठाउमा प्रयोग भएको हो सो कामभएको अनुगमन नभइ भुक्तानी दिएको |
| ६२३-२०८२/०३/२४ | वडा नं. ४ मा पोल तार खरिद जडान कार्य उ स | वडा नं. ४ मा पोल तार खरिद जडान कार्य | गढीमाइ आर एम सि ह्युमपाइप पोल एण्ड कंक्रिट उद्योग १२२५२८४८६ | ९ मी बिधुत पोल | ११३ | ७७०० | ८७०१०० | ११००१ | १२४३११३ | ३७३०१३ | काम गरेको फोटो नभएको दाखिला नभएको कुन ठाउमा प्रयोग भएको हो सो कामभएको अनुगमन नभइ भुक्तानी दिएको |
| ६२६-२०८२/०३/२६ | मो इस्लाम कन्सट्रक्स ६०७३५२७५५ | वडा नं. २ मा पोल खरिद कार्य | मो इस्लाम कन्सट्रक्स ६०७३५२७५५ | ९ मी बिधुत पोल | ५७ | ७७०० | ४३८९०० | १४८८० | ८४८१६० | ४०९२६० | काम गरेको फोटो नभएको दाखिला नभएको कुन ठाउमा प्रयोग भएको हो सो कामभएको अनुगमन नभइ भुक्तानी दिएको |
| जम्मा | | | | | | | | | | १०९५७७३ | |

## बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -९

| भौ न र मिति | भुक्तानीपाउने | योजनाकोनाम | कार्य | परिमाण | एकाइ | भुक्तानीदर प्रति घ मि | नर्म्सर दररेट अनुसा हुनुपर्ने दर | वढीभुक्तानी दर | वढीभुक्तानी रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४-२०८१/९९/०४ | वडान २ मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य उ स | वडान २ मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य प्रथम वील | Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A | ८१०० | sqm | १६.६३ | १३.९७ | २.६६ | २१५४६.०० | |
| २१-२०८१/०९/०५ | हरेन्द्र राय अमानत | वडा न ७ अन्तर्गत फतुवा गाउको नला नासी सरसफाई | Road way excavation in all type of soil by manual means | ५४ | cum | ८६१ | ६६८.६ | १९२.३ | १०३८३ | |
| | | | Road way excavation in all type of soil by mechanical means Cl N. 905 Norms 9.1.I.B | १०८० | cum | ८३ | ७०.८ | १२.४ | १३४३५ | |
| ३९-२०८१/१०/०३ | वडान २ मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य उ स | वडान २ मा रहेको विभिन्न ठाउँमा कृषि बाटोमा माटोपुरी ग्राभेल कार्य दोश्रो तथाअन्तिम वील | Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A | ८२२० | cum | १६.६३ | १३.९७ | २.६६ | २१८६५.२० | |
| ६५-२०८१/११/०५ | वडा न ८ र ९विभिन्न ठाउमा ढलान कार्य उ स | वडान ८ र ९ विभिन्न ठाउमा ढलान कार्य | Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A | १६८५ | cum | १६.६३ | १३.९७ | २.६६ | ४४८२.१० | |
| ९१-२०८१/११/२३ | वडा न २ विभिन्नठाउमा नया कृषि बाटो निर्माण कार्य उ स | वडा न २ विभिन्नठाउमा नया कृषि बाटो निर्माण कार्य | Earth filling by mechines cl no 905, 91IB | ५९८९ | | ८३ | ७०.८ | १२.४ | ७४५०३ | |
| १७४-२०८२/०१/२५ | वडा न ५ माविभिन्न ठाउमा माटोपुरी मर्मत तथा ग्रवेल कार्य उ स | वडा न ५ माविभिन्न ठाउमा माटोपुरी मर्मत तथा ग्रवेल कार्य | Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A | १७७७ | | १६.६३ | १३.९७ | २.६६ | ४७२६.८२ | |
| ३७०-२०८२/०३/०४ | वडा न २ मा विभिन्न ठाउमा माटोपुरी ग्रावेल कार्य उ स | वडा न २ मा विभिन्न ठाउमा माटोपुरी ग्रावेल कार्य | Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A | ३४३१ | | १६.६३ | १३.९७ | २.६६ | ९१२६.४६ | |
| ४४५-२०८२/०३/१४ | वडा न १० दुधिअवाकिशोरी ठाकुरको खेत देखि नया टोल जाने बाटो | वडा न १० दुधिअवाकिशोरी ठाकुरको खेत देखि नया टोल जाने बाटो | subgrade preparation work (Scarifying the existing road surface to a depth of 50 mm and disposal of scarified material with all lifts and leads as per drawing and technical specifications (by mechanical means)lead upto 30 m ( SN 1002, Norms no 10.2 A) | १८२० | | १६.६३ | १३.९७ | २.६६ | ४८४१.२० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पक्की पुल निर्माण कार्य उ स | पक्की पुल निर्माण कार्य | | | | | | | | |
| १८१-२०८२/०१/०१ | ह्युमपाइप खरिद तथा पुरानो ह्युम पाइप समेत जडान कार्य वडान उ स ६ | ह्युमपाइप खरिद तथा पुरानो ह्युम पाइप समेत जडान कार्य वडान ६ | Earth work excavation 31.50 (Spec. cl. No: 905 Norms No 9.1.I.A) | ३२ | cum | ८६० | ६६९ | १९१ | ६०२८ | |
| जम्मा | | | | | | | | | १७०९३७ | |

## बेरूजु दफा ६१ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कामको किसिम | निर्माणसामाग्री | मुल्यकङ्कन परिमाण | ईकाइ | रोयल्टी दर | रोयल्टी मू अ कर |
|---|---|---|---|---|---|---|---|---|
| ४१-२०८१/१०/०३ | वडा न५ मा मस्जिद देखी पैनी सम्म नाला निर्माण कार्य उ स | वडा न ५मा मस्जिद देखी पैनी सम्म नाला निर्माण कार्य | Boulder solling | block stone | १४ | cum | २०० | ३२७० |
| | | | | bond stone | ३ | cum | २०० | ६५३ |
| | | | pcc M15 for rcc in foundation(13.81 cum) | aggrigate | १२ | cum | २०० | २७७८ |
| | | | | sand | ६ | cum | २०० | १४०४ |
| ४६-२०८१/१०/१३ | फतुवाडुमरीया रामदाशी सडक ढलान कार्य उ स | फतुवाडुमरीया रामदाशी सडक ढलान कार्य | supplying and laying river bed gravel | river bed gravell | १५१ | cum | २०० | ३४१२६ |
| | | | pcc M15 for rcc in foundation(321.85 cum) | aggrigate | २८९ | cum | २०० | ६५२९१ |
| | | | | sand | १४४ | cum | २०० | ३२६४६ |
| ६५-२०८१/११/०५ | वडा न८ र ९ विभिन्न ठाउमा ढलान कार्य उ स | वडा न ८र ९ विभिन्न ठाउमा ढलान कार्य | pcc M15(328.73 cum) | aggregate 40mm | १७७ | cum | २०० | ४००२९ |
| | | | | aggregate 20mm | ८९ | cum | २०० | २००१५ |
| | | | | aggregate 10mm | ३० | cum | २०० | ६६७२ |
| | | | | coarse sand | १४८ | cum | २०० | ३३३५८ |
| ७२-२०८१/११/०८ | वडा न८ र ९ विभिन्न ठाउमा ढलान कार्य उ स | वडा न ८र ९ विभिन्न ठाउमा ढलान कार्य | pcc M15(16.16 cum) | aggregate 40mm | १० | cum | २०० | २३३७ |
| | | | | aggregate 20mm | ४ | cum | २०० | ८७७ |
| | | | | coarse sand | ८ | cum | २०० | १७१७ |
| ८२-२०८१/११/२१ | बुनियादटोलमा ढलान कार्य उ स | बुनियादटोलमा ढलान कार्य वडा न ८ | pcc M15(40.69 cum) | aggregate 40mm | २२ | cum | २०० | ४९६६ |
| | | | | aggregate 20mm | ११ | cum | २०० | २४८३ |
| | | | | aggregate 10mm | ४ | cum | २०० | ८२८ |
| | | | | coarse sand | १८ | cum | २०० | ४१३८ |
| ८३-२०८१/११/२१ | वडा न९ बिचलाटोलमा नाला तथा बाटो ढलान कार्य उ स | वडा न ९बिचलाटोलमा नाला तथा बाटो ढलान कार्य | pcc M15(34.57 cum) | aggregate 40mm | १९ | cum | २०० | ४२१९ |
| | | | | aggregate 20mm | ९ | cum | २०० | २१०९ |
| | | | | aggregate 10mm | ३ | cum | २०० | ७०३ |
| | | | | coarse sand | १६ | cum | २०० | ३५१६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७८-२०८२/०१/२५ | वडा न५ को बिभिन्न सडकमा सडक ढलान कार्य उ स | वडा न ५को बिभिन्न सडकमा सडक ढलान कार्य | pcc M15(280 cum) | aggregate 40mm | १५१ | cum | २०० | ३४१७१ |
| | | | | aggregate 20mm | ७६ | cum | २०० | १७०८६ |
| | | | | coarse sand | २५ | cum | २०० | ५६९५ |
| ४४५-२०८२/03/१४ | वडा न१० दुधिअवा किशोरी ठाकुरको खेत देखि नया टोल जाने बाटो पक्की पुल निर्माण कार्यउ स | वडा न१० दुधिअवा किशोरी ठाकुरको खेत देखि नया टोल जाने बाटो पक्की पुल निर्माणकार्य | Boulder solling 4.12 cum | boulder | ४ | cum | २०० | ९३१ |
| | | | pcc M10 for2.75 cum) | aggrigate | २ | cum | २०० | ५५३ |
| | | | | sand | १ | cum | २०० | २८० |
| | | | pcc M20 for rcc in foundation(17.084 cum) | aggrigate | १५ | cum | २०० | ३३२० |
| | | | | sand | ७ | cum | २०० | १६६० |
| ६४१-२०८२/०३/२५ | छठी घाट सितलपुरमा निर्माण उ स | छठी घाट सितलपुरमा निर्माण | Boulder solling99.1 cum | boulder | ९९ | cum | २०० | २२४१७ |
| ६५५-२०८२/०३/२५ | वडा न ३ मा विभिन्न ठाउमानाला निर्माण कार्य उ स | वडा न ३ मा विभिन्न ठाउमानाला निर्माण कार्य | Boulder solling99.1 cum | boulder | २५ | cum | २०० | ५५९६ |
| जम्मा | | | | | | | | ३५९८४२ |

## बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -११

| गोभौ र मिति | उपभोक्ता समितिको नाम | योजना/ कामको विवरण | फर्मको नाम | काम | प्राविधिकमुल्याङ्क अनुसार | | | | | पेशभएको बीजक | | | १३% मू अ कर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सामग्री | परिमाण | ईकाइ | दर | रकम | परिमाण | दर | रकम | |
| ४१-२०८१/१०/०३ | वडा न ५ मा मस्जिद देखी पैनी सम्म नाला निर्माण कार्य उ स | वडा न ५ मा मस्जिद देखी पैनी सम्म नाला निर्माण कार्य | एस पी वाइ ईट्टा उद्योग ६०७५७७७३६ | brick work 12.13sqm | brick | १७८७५ | noc | १५ | २५९१८८ | १८९०० | ७ | १३२३०० | १६४९५ |
| ४६-२०८१/१०/१३ | फतुवा डुमरीया रामदाशी सडक ढलान कार्य उ स | फतुवा डुमरीया रामदाशी सडक ढलान कार्य | रितिक ट्रेडर्स ६०२५२४६२१ | cemnet ( Pcc 1:2:4(321.85 cum) | cement | १७७० | bgs | ६८५ | १२१२४५० | २२०० | ४२५ | ९३५००० | ३६०६९ |
| ८०-२०८१/११/२१ | बिजयपुरमानाल निर्माण कार्य उ स | बिजयपुरमानाल निर्माण कार्य | अलमदिना हार्डवेर स्टोर्स ६०५२२२६२५ | steel work tmt | tmt | १६३ | kg | ११५ | १८७४५ | १७५ | ८० | १४००० | ६१७ |
| | | | एस पी वाइ ईट्टा उद्योग ६०७५७७७३६ | brick work 13.56 $m^3$ | brick | ९११९५ | pcs | १५ | १३३३३० | ९५०० | ७ | ६६५०० | ८६८८ |
| १०४-२०८१/१२/१२ | घुसुकपुर गाडाहामा पुल निर्माण कार्य उ स | घुसुकपुर गाडाहामा पुल निर्माण कार्य | गढीमाइ हार्डववेर सप्लायर्स ६१२५५८२६५ | steel work tmt | tmt | ६२९ | kg | ११५ | ७२३३५ | ६४५ | ८१ | ५२२४५ | २२७०२ |
| १४८-२०८२/०१/१४ | वडा न ९ बडहर्वा कब्रिस्तान तथा इदगाह घेराबेरा कार्य उ स | वडा न ९ बडहर्वा कब्रिस्तान तथा इदगाह घेराबेरा कार्य | खरेल ईट्टा उद्योग | brick work 13.07 $m^3$ | brick | ७३१९ | pcs | १५ | १०६१२८ | १०००० | ८ | ८०००० | ३३९७ |
| १७३-२०८२/०१/२५ | कटी टोलमा रहेको ब्रहम स्थान घेराबेरा उ स | कटी टोलमा रहेको ब्रहम स्थान घेराबेरा वडा न ८ | एस पी वाइ ईट्टा उद्योग ६०७५७७७३६ | brick work 6.31 $m^3$ | brick | ३५३४ | pcs | १५ | ५१२३७ | ३५०० | ७ | २४५०० | ३४७६ |
| ३०९-२०८२/०२/२२ | वडा न६ मा अधुरो वडा कार्यालयको भवन निर्माणकार्य उ स | वडा न६ मा अधुरो वडा कार्यालयको भवन निर्माणकार्य | जय मा हार्डवेर पसल६१७३४५८३१ | steel work tmt | tmt | २२६० | kg | ११५ | २५९९०० | २६०० | ८३ | २१६००० | ५७०७ |
| | | | सुरज इट्ट उद्योग ६१३९०९३३२ | brick work 38.46$m^3$ | brick | २१५३८ | pcs | १५ | ३१२२९५ | २२००० | ८ | १७६००० | १७७१८ |
| ४००-२०८२/०३/०९ | ब्रम्हबाबा कम्पाउण्ड प्लास्टर तथा ब्यवस्थापन कार्य उ स | ब्रम्हबाबा कम्पाउण्ड प्लास्टर तथा ब्यवस्थापन कार्य | खरेल ईट्टा उद्योग | flat brick solling (185 ) | brick | ७७७० | pcs | १५ | ११२६६५ | ७८०० | ८ | ६२४०० | ६५३४ |
| ४०५-२०८२/०३/०९ | वडा न १० मा १० डल्लेकान्छाको | वडा न १० मा १० डल्लेकान्छाको | आरम्भ इन्टरप्राइजेज ६१६२७९५७९ | Reinforcement work | tmt | १०४१ | kg | ११५ | ११९७१५ | ११२५ | ८१ | ९१२९४ | ३६९५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खेतमा कल्भर्ट पुल निर्माण उ स | खेतमा कल्भर्ट पुल निर्माण | | | | | | | | | | | |
| ४४४-२०८२/०३/१४ | बाल ससन प्रा वि मा कम्पाउण्डवाल तथा गेट निर्माण कार्य उ स | बाल ससन प्रा वि मा कम्पाउण्डवाल तथा गेट निर्माण कार्य | खरेलईट्टा उद्योग ११३४३६७५० | brick work 23.80 cum 1:4 | brick | १३३२८ | pcs | १५ | १९३२५६ | १५००० | ८ | १२०००० | ९५२३ |
| ४४७-२०८२/३३/१४ | रामबाबु टोलमा पुल तथा पैनीघट निर्माण कार्य उ स | रामबाबु टोलमा पुल तथा पैनीघट निर्माण कार्य उ स | आरम्भ इन्टरप्राइजेज ६१६२७९५७९ | Reinforcement work | tmt | १३६१ | kg | ११५ | १५६५१५ | १४०० | ७९ | ११०६०० | ५९६९ |
| ५४१-२०८२/०३/२३ | लक्ष्मिनियमारहेको अधुरो राम जानकी मन्दिर मर्मत र गहवामाइ उ स | लक्ष्मिनियमारहेको अधुरो राम जानकी मन्दिर मर्मत र गहवामाइ | विजय इट्टा उद्योग ३०३७९६६४४ | brick work 6.22 cum | brick | ३४८३ | pcs | १५ | ५०५०६ | ३५०० | ७ | २४५०० | ३३८१ |
| ५८०-२०८२/०३/२४ | बर्थिङ्ग सेन्टर अधुरोनिर्माण कार्य उ स | बर्थिङ्गसेन्टर अधुरो निर्माण कार्य | एस पी वाइ ईट्टा उद्योग ६०७५७७३६ | brick work 8.58 cum | brick | ४८०५ | pcs | १५ | ६९६७० | ६००० | ७ | ४२००० | ३५९७ |
| ६४१-२०८२/०३/२५ | छठी घाट सितलपुरमा निर्माण उ स | छठी घाट सितलपुरमा निर्माण | s p y ईट्टा उद्योग ६०७५७७७३६ | brick work7.33 cum | brick | ४६६५ | pcs | १५ | ६७६४० | ५००० | ७ | ३५००० | ४२४३ |
| ६५५-२०८२/०३/२५ | वडा न ३मा विभिन्न ठाउमा नाला निर्माण कार्य उस | वडा न ३मा विभिन्न ठाउमा नाला निर्माणकार्य | s p y ईट्टा उद्योग ६०७५७७७३६ | brick work62.02 cum | brick | ३४७३१ | pcs | १५ | ५०३६०२ | ३५००० | ७ | २४५००० | ३३६१८ |
| | | | मनकामना ट्रेडर्स ६०८९६३८०० | pcc M10 20.75 cum | cement | ९१ | bgs | ६८५ | १८०३६१ | | | १५०००० | ३९४७ |
| | | | | brick work 1:4 62.02 | cement | ८७ | | | | | | | |
| | | | | plaster 1:4 398.07 sqm | cement | ४३ | | | | | | | |
| | | | | punnign 398.07 cum | cement | ४२ | | | | | | | |
| | | | | | | २६३ | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | १८९३७६ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।